# नागरिक संस्थाका लागि संगठन स्वतन्त्रतामैत्री नयाँ कानुनको आवश्यकता र नागरिक संस्थाका सुझावहरू

**प्रस्तुतकर्ता**

**न्याय तथा अधिकार संस्था–नेपाल (जुरी–नेपाल)**
ज्वागल, ललितपुर

मंसिर, २०८०

ESCR National Network Nepal
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका लागि

JuRI-Nepal

**प्रकाशक :** न्याय तथा अधिकार संस्था- नेपाल (जुरी-नेपाल), ज्वागल, ललितपुर,
फोन नं.: ९७७-०१-५४३८९०९/५४३८९१०,
इमेलः jurinepal@gmail.com, web: www.jurinepal.org.np

**सहयोग :** आइ.एम.स्विडिस डेभलपमेन्ट पार्टनर, बखुण्डोल, ललितपुर

**सहकार्य :** आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जाल

**सार्वजनिक :** २०८० मंसिर

**मस्यौदाकार :** अधिवक्ता राजुप्रसाद चापागाईं
अधिवक्ता विष्णुप्रसाद पोखेल

**विशेष धन्यवाद तथा आभार** : *यो सुझावपत्र नागरिक संस्थाहरू विशेष गरी गैरसरकारी संस्था महासंघ तथा सोसँग सम्बद्ध संस्थाहरू र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालसँग सम्बद्ध संघसंस्थालगायत नागरिक समाजका प्रतिनिधिको महत्त्वपूर्ण सहयोग, सुझाव र पृष्ठपोषण रहेको छ। त्यसका लागि सबैप्रति जुरी नेपाल धन्यवाद तथा हार्दिक आभार व्यक्त गर्दछ।*

**प्रष्टोक्ति** : *यस मस्यौदा सुझावपत्रमा पेश गरिएको अवधारणा तथा सुझावपत्रका विषयहरू विज्ञका तर्फबाट थप छलफल र नागरिक बहसका लागि तयार गरिएका हुन्। यी अवधारणाले संस्थाको भनाइलाई पूर्णरूपमा प्रतिनिधित्व नगर्न सक्छन्।*

# विषय सूची

## खण्ड १

### सुझावपत्रको परिचय


१.१. पृष्ठभूमि १

१.२. नागरिक संघसंस्थाको भूमिका र महत्व ३

१.३. सुझावपत्रको आवश्यकता र औचित्य ४

१.४. सुझावपत्र निर्माण विधि तथा यसका सीमा ५


## खण्ड २

### विद्यमान नीतिगत, कानुनी व्यवस्था र विद्यमान चुनौती


२.१. नागरिक संस्थामैत्री अन्तर्राष्ट्रिय कानुन तथा अभ्यासहरू ६

२.२. नागरिक संघसंस्थाको भूमिका र सहकार्यको नीतिगत प्रतिबद्धता ८

२.३. विद्यमान संवैधानिक तथा कानुनी व्यवस्था ८

२.३.१. नीतिगत तथा कानुनी उपलब्धिहरू ८

२.३.२. नीतिगत तथा कानुनी चुनौतीहरू ९


## खण्ड ३

### कानुनी सुधारका लागि सुझावहरू


३.१. नागरिक संघसंस्थाको लोकतान्त्रिक अधिकार प्रत्याभूतिका लागि नागरिक समाजका प्रमुख सरोकारहरू : १४

३.२. नागरिक संघ-संस्थामैत्री नयाँ कानुन तर्जुमाका लागि ठोस सुझावहरू १६

खण्ड १

# सुझावपत्रको परिचय

## १.१. पृष्ठभूमि

नेपालमा छोटो अवधिमा ठूला ठूला राजनीतिक परिवर्तन भएका छन् । राजनीतिक परिवर्तन आमनागरिकका लागि सार्थक तुल्याउन लोकतन्त्रको संस्थागत विकासको माध्यमद्वारा समतामूलक आर्थिक समृद्धि हासिल गर्नु जरुरी हुन्छ । त्यो उद्देश्य प्राप्तिका लागि सामाजिक संघसंस्थाको प्रभावकारी भूमिकाको अपेक्षा संविधानले गरेको छ (धारा ५१(ञ)(१४)) ।

तथापि, सामाजिक संघसंस्था स्थापना तथा सञ्चालनसम्बन्धी कानुनमा समयानुकूल परिवर्तन हुन सकेको छैन । बदलिएको संघीय लोकतान्त्रिक परिपार्टी अनुकूलको नयाँ कानुनी प्रबन्धको अभाव खटकिरह्यो । मुलुकमा तीनवटा संविधान (२०४६, २०६३ र २०७२) बन्दासम्म पनि पञ्चायती शासन कालमा लागू गरिएका राष्ट्रिय निर्देशन ऐन, २०१८ र संस्था दर्ता ऐन, २०३४ नै सामान्य संशोधनका आधारमा अहिलेसम्म पनि प्रचलनमा छन् । लोकतन्त्रपछि जारी भएका संविधानको सन्दर्भमा तीनको रूपान्तरण वा प्रतिस्थापन गर्ने काम हुन सकेको छैन ।

विगतमा सरकारले सामाजिक संघसंस्थाका लागि केन्द्रित गरी नयाँ विधेयकको मस्यौदा तयार गरेको भए पनि उक्त विधेयकको खाका सार्वजनिक गर्न पनि सरकार पछि हट्यो । सामाजिक संघसंस्थालाई कुन मन्त्रालय मातहत राख्ने भन्ने लगायतका विषयले उपयुक्त निर्णय लिन नसक्दा उक्त कानुन तर्जुमाको कार्यले मूर्त रूप लिन सकेन । सामाजिक संघसंस्थाहरूलाई अन्यौलताको अवस्थामा राखियो । सामाजिक संघसंस्था सञ्चालनका सम्बन्धमा विशेष गरी प्रदेश र स्थानीय तहमा समेत विभिन्न कानुन तर्जुमा गरी त्यस्ता संस्थालाई आफूखुसी नियमन गर्ने प्रवृत्ति बढेको छ । यस्तो कार्यले सामाजिक संघसंस्थाहरू दोहोरो शासनको मारमा परेका छन् । एकातर्फ संघले सामाजिक संघ संस्थासम्बन्धी नयाँ कानुन तर्जुमा नगर्ने र अर्कोतर्फ प्रदेश सरकारले प्रदेशका लागि छुट्टै ऐन जारी गरी अन्यौलता सृजना गरेको र स्थानीय सरकार सञ्चालन ऐनमा सामाजिक संघसंस्थाको नियमन गर्ने सम्बन्धमा केही अस्पष्ट व्यवस्था समावेश

गरिएको छ। यसैलाई देखाएर स्थानीय तहले स्वेच्छाचारी तरिकाले नियमन गर्ने प्रचलन पनि विकसित हुँदै गएको देखिन्छ।

संस्थाको दर्ता, नवीकरण र कार्यक्रम सञ्चालनका सम्बन्धमा कानुनी स्पष्टताको यद्यपि अभाव खट्किएको छ। जसअन्तर्गत वैदेशिक सहयोग प्राप्त गरी कार्यक्रम स्वीकृति प्राप्त गर्ने तथा संस्था नवीकरण र उनीहरूको आयमा कर लगाउने तथा मूल्य अभिवृद्धि करमार्फत सामाजिक संघसंस्थालाई जरिवाना लगाउने जस्ता कार्यले सामाजिक संस्थाहरूले विभिन्न समस्या झेल्दै आएका छन्। यसमा संघीय सरकार मूकदर्शक भएर बसेको आभास नागरिक संस्थाहरूले गर्दै आएका छन्। मूल्य अभिवृद्धि करमा दर्ता भएका संस्थाले थप आर्थिक बोझका कारण संस्था नै बन्द गर्ने अवस्थामा पुगेको देखिन्छ। संस्था दर्ता ऐनको परिधिभित्र दर्ता भएको सामाजिक संस्था भएर पनि संस्थापिच्छे आयकर छुटका लागि आन्तरिक राजस्व कार्यालयमा कर छुटका लागि जानुपर्ने बाध्यता सरकारले सृजना गरी संस्थाको पहल र पहुँचका भरमा मात्र उक्त सुविधाहरू दिने गरेको देखिन्छ।

समाज कल्याण परिषद्ले अद्यावधिक गरेको पछिल्लो विवरण (२०७६ असार) अनुसार नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैससको कुल संख्या २४५ रहेको छ।[१] त्यसैगरी, वि.स.२०३४ देखि २०७६ असारसम्म परिषद्मा दर्ता भएका राष्ट्रिय तथा स्थानीय गैससको संख्या ५०,३५८ रहेको छ।[२] तर, परिषद्ले आफूसँग नवीकरण गरेका सामाजिक संस्थाको विवरण अद्यावधिक र सार्वजनिक गर्न सकेको छैन। यसकारण उक्त संख्याले सामाजिक संघसंस्थाको एकीन तथ्याँक दिनसक्ने कुनै आधार देखिदैन। अर्कोतर्फ ७७ वटै जिल्लामा सामाजिक संघसंस्था दर्ता हुने र उक्त सबै सख्या परिषदमा आउनुपर्ने बाध्यता छैन। त्यसैले पनि एकीकृत तथ्यांकको अभाव देखिन्छ। परिषदले आवद्ध भएका संस्थाको सूचि तयार गर्ने तर परिषदमा नविकरण भएका र अद्यावधिक संख्या कति छ भन्ने विषय तयार नगर्दा सामाजिक संस्थाको वास्तविक तथ्याङ्क बाहिर आउन सकेको छैन। त्यसैले संस्थाहरूको एकिकृत तथ्यांकीय पद्दतीको विकास टड्कारो देखिएको छ। राष्ट्रिय निर्देशन ऐन, २०१८ अर्न्तगत पनि केही सञ्जालसम्बद्द संस्था तथा महासंघहरू दर्ता भई सञ्चालनमा रहेका छन्। दर्ता भएका संस्थाको मात्र रेकर्ड राखेर नागरिक संस्थाको बारेमा विचार बनाउनु नागरिक अधिकारको दृष्टिकोणमा अपूर्ण र अपरिपक्क मानिन्छ। पछिल्लो समयमा अद्यावधिक भएका र सक्रिय संस्थाहरू करिव १० प्रतिशत मात्र भएको अनुमान गरिएको भएपनि एकीन तथ्यांकको अभाव यद्यपी खटकिरहेको छ।

नेपालमा संस्थाको दर्ता तथा नविकरण र सञ्चालनका लागि संस्था दर्ता ऐन, २०३४ समाज कल्याण ऐन, २०४९ राष्ट्रिय निर्देशन ऐन, २०१८ र कम्पनी ऐन, २०६३ मुख्य कानुनी श्रोत रहेका छन भने अन्य करिव एक दर्जन कानुनहरू (जस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४) मा नागरिक समाजको भूमिकालाई महत्वपूर्ण स्थान दिएको पाइन्छ। तर एकीकृत तथा छाता कानुनको अभावमा प्रदेश र स्थानीय तहले लागु गरेका कानुनले थप अन्यौलता र दोहोरोपनाको अवस्था श्रृजना गरेको छ।

**सरकारले नयाँ कानुन तर्जुमा गर्नुपूर्व आफ्ना सरोकार र धारणा सरकारसमक्ष पुर्‍याउनु नागरिक संस्थाहरूको कर्तव्य र दायित्व दुवै हो। यसबाट सरकारलाई रचनात्मक सहयोग पुग्ने नै छ। त्यसैले** नागरिक सस्थामैत्री कानुनको तर्जुमाका लागि उपयूक्त वातावरण तयार पार्ने, नागरिक तहवाट सुसूचित दवाव श्रृजना गर्ने एवं रचनात्मक बहस र पैरवी गर्ने हेतुले यो सुझावपत्रको मस्यौदा तयार गरिएको हो।[३] यस सुझावपत्रमा अहिलेसम्म सीमित तहमा

१ https://www.swc.org.np/sites/default/files/downloads/INGO-Chart.pdf accessed on May 30, 2023

२ ऐजन

३ विभिन्न नागरिक संस्थाका प्रतिनिधिका साथै ५ भदौ, २०८० मा गैसस महासंघसँगको सहकार्यमा "नागरिक संस्थाका लागि संगठन स्वतन्त्रता मैत्री नयाँ कानूनको आवश्यकता र नागरिक संस्थाका सुझावहरू विषयक अर्न्तक्रिया कार्यक्रम" मार्फत नागरिक समाजका प्रतिनिधिहरूबाट प्राप्त राय सुझाव समेतलाई आधार मानी यस मस्यौदालाई सार्वजनिक गरिएको हो। यो मस्यौदा नागरिक संस्थाको हकहितको प्रवर्द्धनका लागि सरकार, नागरिक संस्था र सरोकारवाला निकायसँग थप छलफल र सम्बादका लागि तयार गरिएको प्रारम्भिक मस्यौदा हो।

भएका छलफलको आाधारमा नागरिक समाजको विद्यमान अवस्थाको चित्रण गर्दै नागरिक संघसंस्थामैत्री कानुनका लागि नागरिक समाजका मुलभूत सुझावहरू पेश गर्ने जमर्को गरिएको छ। यसलाई अन्य सरोकारवाला र बृहत् नागरिक समाजसँग लैजाने कार्यमा सरकार र नागरिक समाज दुवैको समान भूमिका अपेक्षित छ।

## १.२. नागरिक संघसंस्थाको भूमिका र महत्त्व

गैरसरकारी संस्था (यसपछि नागरिक समाज वा नागरिक संघसंस्थासमेत भनिएको) को भूमिका भनेको राज्यको तर्फबाट लक्षित भएका नीति तथा कानुनको कार्यान्वयनका लागि सरकारसँग सहकार्य र सहयोग गर्नुका साथै सरकारी तथा सार्वजनिक निकायबाट भए गरेका काम कारबाहीमा पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धिका लागि रचनात्मक कार्य गर्नु नै हो। साथै उनिहरूको कार्य सरकारी तवरबाट पुग्न नसकेको तह र क्षेत्रसम्म यथोचित सेवा पुऱ्याउनका लागि सहजीकरण गर्नु र विकासमा सीमान्तकृत तथा लक्षित वर्गको सहभागिता तथा अधिकार र न्याय सुनिश्चितताका लागि खबरदारी गर्नु पनि हो।[४] त्यति मात्र होइन सामाजिक संघसंस्थाहरूले आर्थिक तथा वस्तुगत सहयोगमार्फत लक्षित वर्गको हित र उत्थानका साथै मानवीय सहयोग र विपद् तथा संकटको अवस्थामा संस्थाकै स्रोतबाट पनि विभिन्न प्रकारको सहयोग गरेको देखिन्छ।

नागरिक संघसंस्थाको भूमिकाको विषय राष्ट्रिय तथ्यांकबाट लिनुपर्ने विषय भए पनि यस विषयमा कुनै पनि संरचनाको परिकल्पना हालसम्म गरिएको छैन। यस विषयसँग सम्बन्धित सरकारका जिम्मेवार निकाय (विशेष गरी गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, समाज कल्याण परिषद्, आन्तरिक राजस्व कार्यालय र स्थानीय सरकार) ले त्यस प्रकारको अद्यावधिक प्रतिवेदन प्रकाशन गर्ने र उनीहरूको योगदानका विषय सार्वजनिक गर्ने संयन्त्र नै बनाउन सकेको पाइँदैन। जसकारण सामाजिक संघसंस्था तथा व्यक्तिगत वा संस्थागत अनुसन्धानकर्ताका दस्तावेजहरूको सहारा लिनुपर्ने हुन्छ। यस सन्दर्भमा नागरिक सचेतना अभिवृद्धि, विपद् तथा जोखिममा नागरिक संस्थाले खेलेको भूमिका, देशको समग्र अर्थतन्त्र माथि ल्याउनका लागि नागरिक संघसंस्थाको भूमिका, करको क्षेत्रमा गरेको योगदान, सुशासन तथा जवाफदेहिता प्रवर्द्धन, रोजगारी अभिवृद्धिका तथा मानव अधिकार, लैंगिक तथा सामाजिक न्याय र समावेशिता प्रवर्द्धनका लागि संघसंस्थाको भूमिका उल्लेखनीय देखिन्छ। देशको हरेक राजनीतिक पद्धतिमा सुधार ल्याउन र सकारात्मक परिवर्तनका लागि सामाजिक क्षेत्रको भूमिका पनि उल्लेखनीय देखिन्छ। तर, एकीकृत तथ्यांकको अभावमा नागरिक संस्थाका योगदानको उचित रूपमा मूल्यांकन र कदर हुन सकेको छैन।

वि.सं २०६२-६३ को जनआन्दोलन र नेपालको अन्तरिम संविधान, २०६३ जारी भएपछि सीमान्तकृत महिला, आदिवासी जनजाति, दलित, मधेसी र अल्पसंख्यक धार्मिक समुदाय लगायतका अधिकार, पहिचान र राज्यका हरेक संरचनामा उनीहरूको समानुपातिक प्रतिनिधित्वको व्यापक बहस चुलिएसँगै संवैधानिक रूपमै कतिपय उपलब्धि हासिल पनि भएका थिए र त्यसका पछाडि नागरिक समाजका विभिन्न संघसंस्थाले गरेका आन्दोलन र अन्य किसिमका सचेतनामूलक क्रियाकलाप, पैरवीले ठूलो सहयोग गरेको ठानिन्थ्यो।[५]

कमजोर आर्थिक अवस्था तथा सुशासन र पारदर्शिताको चुनौती सामना गरिरहेको हाम्रो जस्तो देशमा अनेक कमी

४ हेर्नुहोस, Civil Society in a Federal Nepal: A Landscape Study STUDY ON CSO LANDSCAPE IN NEPAL Final report November 2019. https://www.britishcouncil.org.np/sites/default/files/nepal_cso_landsape_study_final_report.pdf

५ देवराज गुरागाई, सामाजिक संघ संस्था सम्वन्धी कानूनी व्यवस्था : लोकतान्त्रिक युगमा नियन्त्रण अभ्यासको पुनरावृति, **लोकतन्त्रमा नागरिक समाज**, मार्टिन चौचारी, पहिलो संस्करण, २०७७, पृष्ठ ५९

कमजोरी हुँदाहुँदै पनि गैरसरकारी सामाजिक संस्थाहरूले राज्यको अनुपस्थितिको आभाष हुन नदिएको अध्ययनहरूले देखाएका छन् । (ढकाल, सन्, २०१६) विभिन्न सामाजिक आन्दोलनहरूलाई सशक्त नेतृत्वसहित सही दिशामा डोऱ्याउन, नागरिकको संविधानप्रदत्त मौलिक हकको कार्यान्वयन गराउन तथा सीमान्तकृत समुदायको आवाजलाई गुञ्जयमान बनाउन नेपालमा मात्रै नभएर विश्वमै सामाजिक संस्थाको भूमिका ठूलो छ। त्यसैले पनि सामाजिक संघसंस्था स्थापना गर्ने र त्यसमा आबद्ध हुन पाउने अधिकारलाई राष्ट्रको संविधानदेखि अन्तर्राष्ट्रिय महासन्धि र घोषणापत्रहरूले नागरिकका मौलिक हकका रूपमा मान्यता दिएका हुन् ।[६] नागरिक संस्थाहरू लोकतन्त्रप्रति प्रतिबद्ध, लक्षित वर्गसम्म सिधै पुग्नसक्ने र असहज अवस्थामा र विपद्को बेलामा सहजै लक्षित सामुदायसम्म पुगेर सेवामा सहजीकरण गर्ने र नागरिक समूहको परिचालनमार्फत विकासमा सहकार्य र योगदान गरेका थुप्रै उदाहरणहरू पाउन सकिन्छ। त्यसका साथै ठूलो श्रमशक्तिलाई देशबाट पलायन हुनबाट समेत रोकेर देशभित्र सामाजिक विकासमा कार्यमा आफू लाग्ने र अरूलाई समेत प्रेरणा जगाउने र रोजगारीको समेत अवसर सृजना गरेका छन् । यसका अलावा नेपाल सरकारले सन् २०३० सम्मका लागि सन् २०१५ मा सार्वजनिक गरेको दिगो विकासका लक्षहरू पुरा गर्नमा र सुशासनमा सुधार ल्याउनका लागि पनि नागरिक संघसंस्थाको भूमिका महत्त्वपूर्ण मानिन्छ ।[७]

## १.३. सुझावपत्रको आवश्यकता र औचित्य

संस्था दर्ता ऐन, २०३४ लागू भएपछि मुलुकमा तीनवटा संविधान परिवर्तन भए पनि संस्था दर्तासम्बन्धी कानुनमा समसामयीक परिवर्तन हुन सकेको छैन। सामाजिक संघसंस्थामैत्री कानुन तर्जुमाका लागि यसअघिको सरकारले मस्यौदा विधेयक ल्याएको विषय सार्वजनिक भए पनि उक्त विधेयकलाई सरकारले संसद्मा प्रस्तुत गरेन। सुझावको लागि नागरिक समाजसम्म पनि सरकारले ल्याउने पहल गर्न सकेन। स्पष्ट र उचित कानुनको अभावमा तहगत सरकारहरूले स्वेच्छाचारी तरिकाले नियमन गर्ने प्रवृत्तिमा वृद्धि हुँदै गएको छ। यसले समस्त लोकतान्त्रिक तथा सामाजिक विकासमा नकारात्मक असर पारेको छ। यो महत्त्वपूर्ण विषय सरकारको अकर्मण्यताका कारण अनिर्णयको बन्दी बनेको सन्दर्भमा नागरिक समाजको तर्फबाट सुसूचित बहस तथा छलफल अगाडि बढाउन आवश्यक देखिएको छ। तथ्यपरक रूपमा नागरिक समाजको निरन्तर खबरदारी र दबाबको आवश्यक भएको छ।

संस्था दर्ता ऐनका कानुनी रिक्तता र त्यसमा देखिएका कमी कमजोरीको फाइदा उठाउँदै संस्थामाथि नकारात्मक दृष्टिकोण राख्ने कार्य हुँदै आएको छ। लोकतान्त्रिक मूल्य र मान्यतामाथि नै प्रहार हुने अहिलेको प्रवृत्तिप्रति चनाखो भएर नागरिक समाजको भूमिकालाई कानुनी हिसाबले मार्गप्रशस्त गर्ने वातावरण सृजना गर्न जरुरी छ। राजनीतिक दलहरू सबैजसो सत्ता प्राप्त गर्न र टिकिरहनका लागि जुनसुकै हर्कत गर्न तम्सिने गरेको र संसद्भित्र प्रतिपक्ष भूमिकासमेत कमजोर हुँदै गएको तथा सत्तामा कसरी जाने र टिकिरहने ध्याउन्नले अहिलेको परिवेशमा नागरिक समाजले दह्रो प्रतिपक्षको भूमिका खेल्नुपर्ने अवस्था सृजना भएको छ। त्यसका लागि पनि नागरिक संस्थाहरूको नियमनसम्बन्धी कानुनी प्रबन्धको एजेण्डलाई घनिभूत बनाउन जरुरी छ। स्पष्ट संघीय कानुनको रिक्तताले प्रदेश र स्थानीय तहलाई आ आफ्नो हिसाबले सामाजिक संस्थाहरूमाथि शासन गर्ने छुट दिएको छ। त्यसैले सामाजिक संस्थासँगको सहकार्य र परिचालन सम्बन्धमा एकरूपता पाइँदैन। यसलाई त्यस्ता तहको निगाहमा छाडिएको छ।

६ देवराज गुरागाई, सामाजिक संघ संस्था सम्वन्धी कानूनी व्यवस्था : लोकतान्त्रिक युगमा नियन्त्रण अभ्यासको पुनरावृति, **लोकतन्त्रमा नागरिक समाज**, मार्टिन चौचारी, पहिलो संस्करण, २०७७, पृष्ठ ६९

७ DEVELOPMENT NEEDS CIVIL SOCIETY – THE IMPLICATIONS OF CIVIC SPACE FOR THE SUSTAINABLE DEVELOPMENT GOALS Synthesis report for ACT Alliance, April 2019. https://actalliance.eu/wp-content/uploads/2019/05/ACT_SynthesisReport_CivicSpace_2019_Final_WEB.pdf

यस सन्दर्भमा नागरिक संघसंस्थामैत्री कानुन तर्जुमाका लागि यस क्षेत्रमा क्रियाशील सामाजिक संघसंस्थाहरू सँगको सहकार्यमा नागरिक सुझावपत्र तयार गरी यससम्बन्धी कानुन निर्माणको प्रक्रियालाई सहजीकरण गर्न र सरकारलाई सिफारिस गर्ने हेतुले यो सुझावपत्र तयार गरिएको हो । यसले रचनात्मक बहस, छलफल र सार्थक सहकार्यको आधार सृजना गर्ने आशा जुरी नेपालले गरेको छ ।

## १.४. सुझावपत्र निर्माण विधि तथा यसका सीमा

यो सुझावपत्र जुरी नेपालले छोटो समयको विज्ञ परामर्श समेतको आधारमा तयार पारेको हो । यसको मस्यौदाउपर २०८० भदौ ५ गते गैसस महासंघसँगको सहकार्यमा काठमाडौंमा आयोजित "नागरिक संस्थाका लागि संगठन स्वतन्त्रतामैत्री नयाँ कानुनको आवश्यकता र नागरिक संस्थाका सुझावहरू" विषयक कार्यशालामा उपस्थित नागरिक समाजका प्रतिनिधिबाट प्राप्त सुझावलाई समेत समेट्ने प्रयास गरिएको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जाल सम्बद्ध संघसंस्थाहरू र मानव अधिकार, लोकतन्त्र र नागरिक अधिकारको क्षेत्रमा क्रियाशील विभिन्न सामाजिक नागरिक संघसंस्थाका प्रतिनिधिसँगको सुझाव तथा प्रतिक्रिया लिई जुरी नेपालले प्रारम्भिक मस्यौदा तयार गरेको हो । स्रोतको सीमितताका कारण यसलाई प्रदेश, जिल्ला तथा स्थानीय तहमा सुझावका लागि लैजान सकिएन । प्रारम्भिक सुझावपत्र सरोकारवालाहरूबीच छलफल र परामर्शलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ तयार पारिएको हो । त्यसैले यसलाई आवश्यकतानुसार जुरी-नेपालले यथासमयमा परिमार्जन गर्दै जानेछ भने यसलाई गैसस महासंघ र यस क्षेत्रमा क्रियाशील नागरिक संस्थाहरूले समेत यसलाई प्रारम्भिक खाकाको रूपमा लिई छलफलको विषय बनाई थप परिष्कृत मस्यौदा तयार गरी सरकारलाई सुझाव दिने अपेक्षा जुरीले राखेको छ ।

सुझावपत्रले विशेष गरी संविधान र संघीय ऐनका केही महत्त्वपूर्ण ऐन (संस्था दर्ता ऐन, २०३४, राष्ट्रिय निर्देशन ऐन, २०१८ र समाज कल्याण ऐन, २०४९ का व्यवस्थाहरूको अध्ययनका आधारमा तय गरिएका केही प्रमुख सरोकारहरूलाई आफ्नो दायरामा राखेको छ । यसले कानुनी तथा व्यावहारिक पक्षको विषयगत, बोधगम्य अध्ययन र विश्लेषण गरी नागरिक संस्थाहरूको धारणा (पोजिसन) तय गर्न एक तहको आधारसम्म सृजना गर्छ तर त्यसको सांगोपांगो आवश्यकतालाई भने यसले पूर्ति गर्न सक्दैन ।

खण्ड २

# विद्यमान नीतिगत, कानुनी व्यवस्था र विद्यमान चुनौती

## २.१. नागरिक संस्थामैत्री अन्तर्राष्ट्रिय कानुन तथा अभ्यासहरू

नेपाल संयुक्त राष्ट्रसंघको सक्रिय सदस्य राष्ट्र हो। नेपालले मानव अधिकारसम्बन्धी महत्त्वपूर्ण सबैजसो महासन्धिहरू अनुमोदन गरी पक्ष राष्ट्र भएको छ। यसमार्फत नेपालले खुलापन, लोकतन्त्र र नागरिक अधिकारप्रतिको आफ्नो प्रतिबद्धता अन्तर्राष्ट्रिय तहमा नै व्यक्त गरेको छ। नेपालको नागरिक संघसंस्थाप्रतिको सकारात्मक प्रतिबद्धतामा कुनै शंका गर्ने ठाउँ देखिँदैन।

नागरिक संस्थाको अधिकार संरक्षण गर्नेसम्बन्धी गैरसरकारी संस्थाको वैधानिक हैसियतलाई संयुक्त राष्ट्रसंघको बडापत्र सन् १९४५ को धारा ७१ ले मान्यता दिएको छ। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २०(१) ले *"प्रत्येक व्यक्तिलाई शान्तिपूर्वक सभा गर्ने तथा संस्था खोल्ने अधिकार छ"*[१] भनिएको छ। साथै **नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को** धारा २२ (१) मा *"प्रत्येक व्यक्तिलाई संघसंस्था खोल्ने तथा त्यसमा सम्मिलित हुने अधिकार सुनिश्चित गरिएको छ"*।[२] त्यसैगरी **आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को** धारा ८ (१)[३] मा *"श्रमको अधिकार सुनिश्चित गरी यसको विपरितमा गएर कानुन निर्माण गर्न नहुने"* व्यवस्था गरिएको छ।

नेपालद्धारा अनुमोदित नागरिक तथा राजनीतिक अधिकारसम्वन्धी महासन्धि र त्यसको ऐच्छिक आलेखले अभिव्यक्ति स्वतन्त्रता र संगठित हुन पाउने अधिकारको रक्षा गरेको छ। साथै राज्यद्वारा गरिने नियामकीय वा सुपरीवेक्षकको

१ प्रत्येक व्यक्तिलाई शान्तिपूर्वक सभा गर्ने तथा संस्था खोल्ने अधिकार छ।

२ प्रत्येक व्यक्तिलाई आफ्नो हितको संरक्षणको लागि ट्रेड युनियनहरू खोल्ने वा त्यसमा सम्मिलित हुने अधिकार लगायत अरु व्यक्तिसँग संगठनको स्वतन्त्रताको अधिकार हुनेछ।

३ यस अनुवन्धका राज्य पक्ष निम्न कुरा सुनश्चित गर्न प्रतिज्ञा गर्दछन्। (३) संघको स्वतन्त्रता एवं संगठित हुने अधिकारको सुरक्षासम्वन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको सन १९४८को महासन्धिमा राज्यपक्षलाई प्रदान गरिएका सुनिश्चितताप्रति दुराग्रह हुने गरी अथवा दुराग्रह हुने तरिकाबाट कानून लागू गर्न यस धाराको कुनै कुराले पनि आधिकारित्व दिदैन।

भूमिकालाई सीमित तुल्याएको छ। मानव अधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, सन् १९९८ को धारा ५ ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग सम्बन्धित संगठनको अधिकारलाई प्रत्यक्ष रूपमा सम्बोधन गरेको छ। योबाहेक राज्यद्वारा अनुमोदित सबै प्रकारको जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, बाल अधिकार र अपांगता अधिकारसम्बन्धी महासन्धि लगायतले पनि नागरिक तथा लोकतान्त्रिक अधिकारको बारेमा स्पष्ट व्यवस्था गरेका छन्।

त्यसका साथै **राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको एक प्रतिवेदन (सन् २०१६)मा**[४] सदस्य राष्ट्रहरूले आ-आफ्नो देशमा नागरिक संस्थाका लागि काम गर्ने वातावरण सृजना गर्न विशेष सुझावहरू दिइएको छ। उक्त सुझाव नं २७/३१ को परिचय खण्डमा उच्चायुक्तले जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्नका लागि नागरिक संस्थाको महत्त्वको विषयमा स्पष्ट पारेको छ। साथै त्यस सुझावको निष्कर्ष खण्डमा नागरिक संस्थाका लागि आवश्यक पर्ने विभिन्न पक्षअन्तर्गत उपयुक्त कानुनी संयन्त्र, काम गर्ने वातावरण, निर्णय प्रक्रियामा संलग्नता र उनीहरूलाई गर्नुपर्ने सहयोग लगायतका विषयमा जोड दिइएको छ। साथै काम गर्ने वातावरण सृजना गर्ने दायित्व राज्य पक्षको भएको, कम मात्रामा प्रशासनिक प्रक्रिया अवलम्बन गरी काम गर्ने वातावरण बनाउनेलगायत नागरिक समाजको मानव अधिकारमैत्री नियमनका लागि स्पष्ट कानुनी खाका तय गर्ने सुझाव[५] दिएको छ।

साथै सन् २००५ मा संयुक्त राष्ट्रसंघले भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि नै पारित गरेर लागू गरेको छ।[६] नेपालले पनि सन् २०११ फेब्रुअरीमा सो महासन्धि अनुमोदन गरिसकेको छ। सो महासन्धिको धारा १३ को उपधारा १(क) मा निर्णय प्रक्रियाहरूमा पारदर्शिता र सर्वसाधारणको सहभागिता अभिवृद्धि गर्ने कार्यलाई बढावा दिनुपर्छ, भनिएको छ। त्यसैगरी, १(ख) मा सर्वसाधारणलाई सूचनासम्मको प्रभावकारी पहुँच पुग्ने कुरामा सुनिश्चितता दिनुपर्ने व्यवस्था गरिएको छ। त्यसैगरी, पेरिस सिद्धान्त र आक्रा एजेण्डाले दिएको अन्तर्राष्ट्रिय सन्देश र महत्त्वलाई पनि अन्तर्राष्ट्रिय कानुनको एक महत्त्वपूर्ण पक्षको रूपमा लिन सकिन्छ।

तुलनात्मक अनुभव हेर्दा बंगलादेशमा गैरसरकारी संस्थालाई मूल्य अभिवृद्धि कर र कर्पोरेट करको व्यवस्था गरिएको छैन। गैससलाई विकाससम्बन्धी सरकारी टेण्डरमा पनि प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरिएको छ। त्यसैगरी, सन् २०१५ मा गैससलाई सेनाको निगरानीबाट मुक्त गरिएपछि श्रीलंकामा गैसससम्बन्धी व्यवस्थामा नाटकीय सुधार आएको छ। थाइल्याण्डमा हरेक २ वर्षमा संस्था नवीकरण गर्ने व्यवस्था छ।[७] फिलिपिन्समा गैरसरकारी संस्थाहरू Philippine Council for NGO Certification (PCNC) द्वारा प्रमाणित भएको हुनुपर्छ। त्यहाँ विशेषगरी Local Government Code, 1991अन्तर्गत गैससलाई परिचालन गर्ने व्यवस्था छ। त्यहाँ गैसस दर्ता गर्नुपर्ने अनिवार्यता छैन। तर, दर्ता नगरी सरकारी अनुदान पाइँदैन। त्यहाँ गैरनाफामूलक संस्थालाई कर छुट दिने व्यवस्था छ। साथै गैससलाई स्वःअनुशासित जनताको संस्थाको रूपमा लिइन्छ। इन्डोनेसियामा Law on Foundation, 2001 ले गैससलाई नाफा नकमाउने संस्थाको रूपमा व्यवस्था गरेको छ।[८] क्याम्बोडियामा गैससलाई कर छुट दिने व्यवस्था छ भने गैससहरू सरकारी टेण्डरमा प्रतिस्पर्धामा भाग लिन सक्छन्।[९]

४ Report of the United Nations High Commissioner for Human Rights, Human Rights Council, Practical recommendations for the creation and maintenance of a safe and enabling environment for civil society, based on good practices and lessons learned. *Report of the United Nations High Commissioner for Human Rights, Human Rights Council, Thirty-second session, Agenda items 2 and 3, Annual report of the United Nations High Commissioner for Human Rights and reports of the Office of the High Commissioner and the Secretary-General. HRC/32/2, 11 April, 2016.*

५ विस्तृत रूपमा हेर्नुहोस् *Report of the United Nations High Commissioner for Human Rights, Human Rights Council, Thirty-second session, Agenda items 2 and 3, Annual report of the United Nations High Commissioner for Human Rights and reports of the Office of the High Commissioner and the Secretary-General. HRC/32/2, 11 April, 2016.*

६ भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धी धारा १३.१(क, ख), नेपला अनुवाद, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, २०६२

७ केदार खडका, राजुप्रसाद चापागाई र विष्णुप्रसाद पोखेल, नागरिक संस्थासम्वन्धी कानूनी संरचना, अध्ययन प्रतिवेदन, गोगो फाउण्डेशन, चैत्र, २०७३ पृष्ठ .२७ (अप्रकाशित)

८ ऐजन पृष्ठ .२८

९ ऐजन पृष्ठ .२९

## २.२. नागरिक संघसंस्थाको भूमिका र सहकार्यको नीतिगत प्रतिबद्धता

नीतिगत रूपमा हेर्दा सरकारले नागरिक संघसंस्थाको भूमिका र विकासमा महत्त्वपूर्ण साझेदार तथा सहयात्रीको रूपमा लिएको देखिन्छ। सरकारका दीर्घकालीन तथा अल्पकालीन विभिन्न नीतिगत दस्तावेजहरूबाट यो स्पष्ट हुन्छ। उदाहरणका लागि राष्ट्रिय योजना आयोगले लागू गरेको चालु पञ्चवर्षीय प्रन्धौं योजना (आ.व. २०७६/७७ -२०८०/८१) मा योजनाको "**सम्वृद्ध नेपाल सुखी नेपाली**" को समग्र अभिष्ट पूरा गर्न गैरसरकारी क्षेत्र समेतलाई लगानी र सहभागिताका लागि उत्प्रेरित गर्ने[१०] लक्ष्य राखेको देखिन्छ। त्यसैगरी, लक्ष्यको बुँदा नं ३.८.४ मा गैरसरकारी संस्था, नागरिक समाज र सामुदायिक क्षेत्रको योगदानलाई विशिष्टीकृत क्षेत्रमा (गरिबी निवारण, क्षमता अभिवृद्धि, नागरिक सचेतना र सशक्तिकरण, पारदर्शिता र संस्थागत सुशासन) योगदानको अपेक्षा गरिएको छ।[११]

त्यसैगरी, नेपालको मानव अधिकार, समावेशिता र सामाजिक न्यायप्रति पनि सरकार प्रतिबद्ध देखिन्छ। नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले लागू गरेको मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व.२०७७/७८-२०८१/८२) तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र)बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (२०७८-८२)[१२] अन्तर्गत नागरिकका आधारभूत अधिकार[१३] कार्यान्वयनका लागि सहयोगी निकायको रूपमा नागरिक समाज तथा संघसंस्थालाई चयन गरिएको देखिन्छ। साथै उक्त कार्ययोजना कार्यान्वयनका लागि नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा गठित कार्ययोजना कार्यान्वयन संयन्त्रमा नेपाल सरकारले तोकेका एकजना महिलासहित नागरिक समाजका तीनजना प्रतिनिधि रहने व्यवस्था गरेको छ। त्यसैगरी, प्रदेश, जिल्ला र स्थानीय तहमा समेत त्यस प्रकारका संरचनाको व्यवस्था गरिएको छ।[१४] यी नागरिक संस्थाहरूको भूमिकालाई महत्त्व दिने केही उदाहरण मात्रै हुन।

## २.३. विद्यमान संवैधानिक तथा कानुनी व्यवस्थाः

**उपलब्धि तथा चुनौतीहरू :**

यस खण्डमा विशेष गरी संवैधानिक तथा कानुनी प्रत्याभूति र कानुनी रूपमा चुनौतीपूर्ण पक्षलाई जोड दिइएको छ।

### *२.३.१. नीतिगत तथा कानुनी उपलब्धिहरू :*

संगठित हुन पाउने र संघसंस्था खोल्न पाउने अधिकारको संवैधानिक प्रत्याभूति विद्यमान छ। संविधानको प्रस्तावनामा नैः*"...समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प"* गरिएको छ। त्यसैगरी, *"...,सुशासन,*

१० प्रन्धौ योजना, (आ.व. २०७६/७७ -२०८०/८१), राष्ट्रिय योजना आयोग, सिंहदरवार, २०७६ साउन, पृष्ठ ४६

११ ऐजन पृष्ठ ४९

१२ हेर्नुहोस पृष्ठ १५ देखि ३३ सम्म, मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/७८-२०८१/८२० तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेश्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना, नेपाल सरकार, प्रधानमनत्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, २०७९ मंसिर।

१३ जस्तै : शिक्षा, स्वास्थ्य, खाद्य अधिकार, आवास, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, बाल अधिकार र बाल न्याय, सामाजिक न्याय, लक्षित वर्गको संरक्षण, शसक्तिकरण र विकास, सांस्कृतिक अधिकार लगायत

१४ प्रदेश तहमा प्रदेशका प्रमुख सचिवको संयोजकत्वमा गठन हुने प्रदेश समन्वय समितिको सदस्यमा पनि एकजना महिला सहित नागरिक समाजका तीनजना प्रतिनिधि र प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन व्यवस्था छ। (हेर्नुहोस् पृष्ठ १५२) त्यसैगरी जिल्ला समन्वय समितिमा नेपाल बार एशोसिएशन, पत्रकार महासंघ र गैसस महासंघका जिल्लास्थित प्रतिनिधि रहने व्यवस्था गरिएको छ। (हेर्नुहोस् पृष्ठ १५३) साथै स्थानीय तहमा स्थानीय तहका प्रमुखको सयोजकत्वमा गठन हुने समितिमा एकजना महिला सहित तीनजना नागरिक समाजका प्रतिनिधि रहने व्यवस्था गरिएको छ। (हेर्नुहोस् पृष्ठ १५३)।

*विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधानसभाबाट पारित गरी यो सैविधान जारी गर्दछौँ"*[१५] भनेर नागरिक स्वतन्त्रता र राज्य निर्माणमा उनीहरूको सहभागितालाई अत्यन्त महत्त्व दिइएको छ। साथै संविधानको भाग ३, मौलिक हक र कर्तव्यअन्तर्गत *"विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता र संघसंस्था खोल्न पाउने स्वतन्त्रता"*[१६] मार्फत विगतका संविधानले दिएको स्वतन्त्रताको अधिकारभन्दा व्यापक र संस्थागत गर्ने प्रयास गरेको छ।

संविधानको मर्म र भावनालाई कार्यान्वयन गर्न विभिन्न संघीय, प्रदेश तथा स्थानीय तहले तर्जुमा गरेका कानुन तथा नीति नियमहरूमा नागरिक समाजका संस्थागत प्रतिनिधिहरूको सहभागितामार्फत राज्यका विभिन्न निकायमा सहभागी गराउने अवसर सृजना गरिएको पक्षलाई महत्त्वपूर्ण उपलब्धिको रूपमा लिन सकिन्छ। उदाहरणका लागि **सुसाशन (व्यवस्थापन र सञ्चालन) ऐन २०६४ को** दफा २० मा सार्वजनिक सरोकारका कार्यक्रम कार्यान्वयन गर्नुअघि र कार्यान्वयन गर्दा सरोकारवाला र नागरिक समाजसँग परामर्श गर्नुपर्ने उल्लेख छ। त्यसैगरी **उपभोक्ता संरक्षण ऐन २०७५ को** दफा २२ मा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीको अध्यक्षतामा उपभोक्ता संरक्षण परिषद् गठन गर्न कम्तिमा दुई उपभोक्ता समितिका प्रतिनिधि (एकजना महिला सहित) रहने व्यवस्था छ। **प्रेस काउन्सिल ऐन,** २०४८ को दफा ६ मा काउन्सिल गठन गर्दा नेपाल पत्रकार महासंघका सभापतिलाई पदेन सदस्य राख्ने व्यवस्था गरेको छ। **अपाङ्गता भएका व्यक्तिको अधिकारसम्वन्धी ऐन,** २०७४ को दफा ३८ मा गठन हुने निर्देशन समितिमा राष्ट्रिय अपाङ्ग महासंघका अध्यक्ष तथा राष्ट्रिय स्तरका संघ संगठन र महासंघ तथा मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाका तर्फबाट (पाँचजना महिला सहित) दशजना नागरिक समाजका प्रतिनिधि सहभागी हुने व्यवस्था छ। **बालबालिका सम्वन्धी ऐन,** २०७५ को दफा ३० बमोजिम गठित ३ सदस्यीय बाल इजलासमा एकजना समाजसेवी रहने व्यवस्था छ। **नेपाल कानुन व्यवशायी परिषद ऐन,** २०५० को दफा ४ बमोजिम गठन हुने परिषदमा नेपाल बार एशोसिएशनका अध्यक्ष र नेपाल बारले तोकेका दुईजना प्रतिनिधि पदेन सदस्य हुने व्यवस्था ऐनमा गरिएको छ। त्यसैगरी **मेलमिलाप सम्वन्धी ऐन,** २०६८ को दफा २६ बमोजिम गठित परिषदमा नेपाल बार एशोसिएशनका महासचिव, उद्योग बाणिज्य क्षेत्र तथा नागरिक समाजका प्रतिनिधि गरी तीनजना मनोनित हुने व्यवस्था गरेको छ। यी केही प्रतिनिधिमूलक व्यवस्था मात्र हुन्।

यसका अलावा **स्थानीय सरकार सञ्चालन ऐन,** २०७४ मा स्थानीय सरकारले विकासका कार्यहरू गर्दा नीजि क्षेत्र र नागरिक समाज संस्थासँग सहकार्य र समन्वय गर्नुपर्ने विषयलाई महत्व दिइएको छ।[१७] त्यसैगरी ऐनको दफा १५ मा स्थानीय सरकारले स्थानीय तहमा विकास निर्माण तथा सेवा प्रवाह सम्वन्धी कार्य गर्दा आफ्नो क्षेत्रभित्रका गैरसरकारी क्षेत्रको परिचालन र समन्वय प्रवर्द्धनलाई प्रोत्साहन गर्न सक्ने अधिकार स्थानीय तहलाई दिएको छ। यी केही महत्वपूर्ण नीतिगत तथा कानुनी प्रतिबद्दताका उदाहरण हुन्।

### *२.३.२. नीतिगत तथा कानुनी चुनौतीहरू :*

#### क) संवैधानिक प्रावधानको संकुचित बुझाई :

यद्यपि, संविधानको प्रस्तावना र मौलिक हक अन्य हकको तुलनामा प्रभावि हुने भए पनि नागरिक अधिकार र नागरिक संघसंस्थाको कार्यगत स्वतन्त्रताको सम्बन्धमा संविधानको धारा ५१ को देहाय

१५ नेपालको संविधान (२०७२), प्रस्तावना खण्ड अनुच्छेद ४ र ६

१६ ऐ धारा १७.२(क, ख र घ)

१७ ऐनको दफा ११ को उपदफा २ को (ञ) को देहाय (८)

(घ) को (११) ले वैदेशिक बजेटलाई राष्ट्रिय बजेटमा समावेश गर्ने विषय उल्लेख गरेको छ। साथै धारा ५१ को (ञ) को देहाय (१४)मा *"सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरूलाई संलग्न गराउने।"* संगठन स्वतन्त्रताको मौलिक प्रत्याभूतिलाई उपेक्षा गरेर एकतर्फी रूपमा निर्देशक सिद्धान्त अन्तर्गतको एकद्वार प्रणाली र राष्ट्रिय आवश्यकतामा आधारित क्षेत्रमा लगानी गर्नुपर्ने नीतिगत व्यवस्थालाई एकतर्फी व्याख्या गर्न र त्यस्तो व्याख्याको आधारमा नागरिक अधिकारलाई सीमित गर्ने गरी कानुन निर्माण गर्नु संविधानसंगत हुन सक्दैन। मौलिक हकको तुलनामा निर्देशक सिद्धान्त कुनै पनि आधारमा हाबी हुन सक्दैन। यससम्बन्धी खोटपूर्ण सरकारी बुझाई र तदनुरूपको कानुन तर्जुमाको प्रयास चुनौतीपूर्ण छ।

## ख) संस्था दर्ता ऐन संविधानको मर्म र भावनाविपरीत :

संस्था दर्ता ऐनका कतिपय प्रावधानहरू संविधानको मर्म र भावनाविपरीत छन्। उदाहरणका लागि संस्था दर्ता ऐनको दफा ४(२) ले प्रमुख जिल्ला अधिकारीलाई संस्था दर्ता गर्ने सम्वन्धमा स्वविवेकीय (असीमित) अधिकार प्रदान गरेको छ, जसमा आवश्यक ठानेमा जिल्ला अधिकारीले संस्थालाई दर्ता प्रमाणपत्र प्रदान नगर्ने निर्णय गर्न सक्छ।[१८] त्यसैगरी, दफा १२ मा पूर्व-स्वीकृतिबिना संस्था स्थापना गरेको पाइएमा प्रमुख जिल्ला अधिकारीले दुई हजार रुपैयाँसम्म जरिवाना गर्नसक्ने व्यवस्था गरिएको छ। यी व्यवस्था संगठित हुन पाउने मौलिक हकको प्रत्याभूतिविरुद्ध छन्। राज्यले वित्तीय र करका प्रबन्धमार्फत नियन्त्रण गर्नसक्छ तर यस ऐनले संगठित हुने अधिकारलाई नै बन्देज गरेको छ।

यो ऐन नागरिक संघ-संस्थाहरूको दर्ता र सञ्चालनको बारेमा केन्द्रित छ तर यसमा उनीहरूको दिगो विकास र समन्वयको बारेमा केही पनि प्रावधान देखिँदैन। संघसंस्थाको नियमन, विकास तथा प्रवर्द्धनको बारेमा सरकारलाई सल्लाह-सुझाव दिनको निमित्त कुनै स्थान छैन। त्यसैले, सामाजिक संघसंस्थाको नियमन निकायको स्पष्ट प्रबन्ध हुनु आवश्यक देखिन्छ। जिल्ला प्रशासन कार्यालयको संरचना संघीय मन्त्रालय मातहत छ र यसको अधिकारको विषयमा संविधानमा कुनै स्पष्टता छैन। त्यसैले विद्यमान संविधानको मर्म र भावना बमोजिमको ऐन तर्जुमाको कार्य खट्किएको छ।

## (ग) समाज कल्याण परिषद्को कार्य प्रत्यायोजित विधायनको मान्यताविपरीत :

सामाजिक संघ-संस्थासँग समन्वय, सहजीकरण र सरकारसँग सम्पर्क गर्ने निकायको रूपमा समाज कल्याण परिषद् ऐनमा व्यवस्था गरिएको छ। तर, परिषद्ले प्रत्यायोजित विधायनका मान्यताविपरीत विभिन्न कार्यविधि वा निर्देशिकामार्फत संघ-संस्थाहरूलाई नियन्त्रण गर्दै आएको छ। परिषदले सहजिकरणभन्दा बढी नियन्त्रणात्मक भूमिका खेलेको अनुभूत हुन्छ। परिषद्ले लागू गरेका निर्देशिकाहरूबाट यो स्पष्ट हुन्छ। केही उदाहरणका लागि समाज कल्याण परिषद्ले **वैदेशिक सहयोग स्वीकृतिसम्बन्धी निर्देशिका,** २०७१ (**चौथो संशोधन,** २०७७) को बुँदा नं ४.११ मा "अन्य शीर्षक"अन्तर्गत अनुगमन, मूल्यांकनको आवश्यक पारिश्रमिक रकम कार्यक्रम तथा परियोजना बजेटमै समावेश गराउनुपर्ने व्यवस्था र बुँदा नं ४.१२ मा वैदेशिक सहयोगमा सञ्चालित परियोजनाको हकमा अनुगमन दस्तुर अनिवार्य रूपमा बुझाउने व्यवस्था गरेको छ। परियोजना सम्झौतासम्बन्धी निर्देशिका, २०७१ (चौथो संशोधन, २०७७)

---

१८ यद्यपी यसमा सो भन्दा एकतह माथि उजुरी गर्ने व्यवस्था सुरक्षित छ।

को बुँदा नं २१ मा परियोजना वा कार्यक्रमको प्रशासनिक खर्च २० प्रतिशतमा सीमित गर्नुपर्ने व्यवस्था गरेको छ, जबकि सरकारको कुल प्रशासनिक खर्च दुई तिहाइभन्दा बढी विनियोजन र खर्च गरेको देखिन्छ । त्यसैगरी, परियोजना सम्झौतासम्बन्धी निर्देशिका, २०७१ (चौथो संशोधन, २०७७ समेत) ले समेत विभिन्न अवरोधहरू सृजना गरेको छ ।

### (घ) स्थानीय सरकार सञ्चालन ऐनको प्रावधान संविधानको मर्म र भावनाविपरीत :

स्थानीय सरकार सञ्चालन ऐनका कतिपय प्रावधानहरू संविधानको मर्म र भावनाविपरीत छन् । स्थानीय सरकार सञ्चालन ऐनका अस्पष्ट प्रावधानको आफूखुसी व्याख्या गरी नागरिक संस्थालाई काम नै गर्न नदिने गरी कतिपय स्थानीय सरकारले नागरिक संस्थासम्बन्धी कानुन तर्जुमा गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐनका व्यवस्थाहरूको समेत अपव्याख्यासमेत गर्ने गरिएको छ । उदाहरणका लागि यस ऐनको दफा १२ (२) (२ घ) ले सम्बन्धित वडामा सञ्चालित विकास निर्माणका गतिविधि र उपभोक्ता समितिका गतिविधिको अनुगमन गर्ने असीमित अधिकार वडा समितिलाई दिएको देखिन्छ । अनुगमन कहाँ र कसरी गर्ने भन्ने कुनै प्रष्ट प्रावधान छैन । यस ऐनको दफा २५ (१) मा नागरिक संघ-संस्थाहरूले स्थानीय तहसँग समन्वय गर्नुपर्ने व्यवस्था गरेको छ । दफा २५ (२) ले नागरिक संघ-संस्थाहरूले पालना गर्नुपर्ने निश्चित मापदण्ड तोक्ने व्यवस्था छ । यो मापदण्ड स्थानीय तह आफैँले बनाउने हुँदा यसैमार्फत नागरिक संस्थाको लागि असहज वातावरण बनाउन सकिने अवस्था छ । ऐनको दफा २५ (३) मा स्थानीय तहले आफ्नो मापदण्ड र निर्देशिकाको पालना नगरेमा विकास निर्माणका काम रोक्नसक्ने जस्तो कडा व्यवस्था गरिएको छ । यी प्रावधानबाट वकालत र पैरवी, क्षमता अभिवृद्धिलगायत तथा सरकार स्वयंको जवाफदेहिता, पारदर्शिता र कानुनको शासनको खोजी गर्ने क्षेत्रमा कार्य गर्न खोज्ने कार्यक्रमलाई असहयोग र बन्देज गर्नसक्ने असीमित अधिकार ऐनमा राखिएको छ । संघीय ऐन नयाँ संविधानको मर्म र भावनाबमोजिम नबन्दा प्रदेश र स्थानीय सरकारहरूले आफूखुसी कानुन बनाउने र कानुनको व्याख्या र अभ्यास गर्ने परिपाटी बढेको छ जसकारण सहजीकरण गर्नेभन्दा नियमनको पाटो हाबी भएको स्पष्ट देखिन्छ ।

### (ङ) संगठन स्वतन्त्रताका सन्दर्भमा पक्षपातपूर्ण दृष्टिकोण :

यस शीर्षकमा विशेष गरी राजनीतिक दल दर्ता तथा सञ्चालन र संस्था दर्ता ऐनका केही महत्त्वपूर्ण प्रावधानहरूको तुलनात्मक समीक्षा गर्ने प्रयास गरिएको छ । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र संघसंस्था दर्ता ऐन, २०३४ को स्रोत एउटै अर्थात् धारा १७ हो । धारा १७ को उपधारा (२) को देहाय (ग) मा राजनीतिक दल खोल्ने स्वतन्त्रता छ भने देहाय (घ) मा संघसंस्था खोल्ने स्वतन्त्रता संवैधानिक रूपमा प्रत्याभूत गरिएको छ । दुवैको उद्देश्य नागरिक संगठनलाई बलियो बनाई लोकतन्त्रको प्रतिफल सबै जनतासामु पुऱ्याउनु भए पनि दुवै ऐनका प्रावधानहरूको तुलनात्मक समीक्षा गर्दा राजनैतिक दलसम्बन्धी ऐन र संघसंस्था दर्ता ऐनका प्रावधानका बीचमा ठूलो अन्तर देखिन्छ । उदाहरणका लागि राजनीतिक दलसम्बन्धी ऐनको दफा ६ मा दल दर्ता हुन नसक्ने स्पष्ट आधार र कारण कानुनमा नै तोकिएको छ । तर, संस्था दर्ता ऐनको दफा ४ को उपदफा (२) मा स्थानीय अधिकारीले उचित ठानेमा संस्था दर्ता गर्ने अख्तियारी दिएर विधिमा नभई व्यक्तिको अधिकार वा स्वेच्छामा संस्थाको अधिकार सीमित गरिदिएको छ । यस प्रावधानले स्थानीय अधिकारीलाई स्वेच्छाचारी निर्णय गर्नसक्ने अधिकार कानुनले नै सृजना गरेको छ, जुन नागरिक अधिकारको दृष्टिकोणवाट ंचुनौतीपूर्ण देखिन्छ ।

### च) बहुनियमन प्रणालीको मारमा नागरिक संस्थाहरू :

समाज कल्याण ऐनमा सामाजिक संघसंस्था समाज कल्याण परिषद्मा आबद्ध गर्ने सम्बन्धमा बाध्यकारी प्रावधान छैन । तर, आबद्धतासम्बन्धी निर्देशिकामा २०७३ सालमा नयाँ प्रावधान थप गरी हरेक तीन-तीन वर्षमा नवीकरण गर्नुपर्ने बनाइएको छ । यसरी एउटै संस्थालाई अनेकौं निकायमा दर्ता र नवीकरण गर्नुपर्ने झण्झट बोकाइएको छ।[१९] संस्थाको हकमा दर्ता गर्ने नगर्ने अन्तिम अधिकार प्रमुख जिल्ला अधिकारीलाई दिइएको भए पनि राष्ट्रिय निर्देशन ऐन बमोजिमको संगठनका हकमा भने गृह मन्त्रालयबाट मन्त्रीस्तरीय निर्णयबाट हुनेगरी एकजना पदाधिकारीको जिम्मामा संगठन अधिकार सुनिश्चित गरिएको छ ।

नेपाल सरकारका सम्बन्धित निकायहरूले चाहेमा दर्ता प्रमाणपत्र सहजै दिनसक्ने तथा नचाहेमा जाँचबुझ गर्ने नाउँमा अनेक बहाना बनाएर दर्ता प्रक्रियालाई झण्झटिलो बनाई निरुत्साहित गर्नसक्ने अवस्था पनि छ । संस्था नवीकरण सम्बन्धमा पनि जिल्ला प्रशासन कार्यालयले विभिन्न किसिमका कागजात/अमूक संस्थाका सिफारिस/प्रतिवेदनहरू पेश गर्नलगायत सर्तहरू तेर्स्याउने गरेको छ । उदाहरणका लागि संस्था दर्ता ऐनले तोकेको दायराभन्दा बाहिर गएर जिल्ला प्रशासन कार्यालयहरूले संस्था दर्ता र नवीकरणका लागि सिफारिसहरू पूर्वसर्तको रूपमा समावेश गरी सामाजिक संघ-संस्थाहरूलाई अनावश्यक हैरानी दिने गरेको पाइन्छ । संस्थाहरूले प्राप्त गरेको संवैधानिक प्रत्याभूतिका कारण संघसंस्था खोल्न रोक लगाउन नसके पनि शासकमा अनुदार मानसिकता प्रभावी भई झण्झटयुक्त सर्तहरू तेर्स्याई संस्थाको दर्ता र नवीकरणलाई निरुत्साहित गर्ने सम्भावना रहने गरेको छ । यसको उदाहरणका लागि गृह मन्त्रालयले जेठ २४, २०७५ मा निर्णय गरी त्यसको भोलिपल्ट देशका ७७ वटै जिल्ला प्रशासन कार्यालयका नाउँमा एउटा परिपत्र जारी गरेको थियो । त्यस पत्रमा संस्था दर्ता तथा नवीकरण गर्दा चारबुँदे निर्देशन पालना गर्न गराउन ध्यानाकर्षण गराइएको थियो । जसमा गैरसरकारी संस्थाहरूले एकभन्दा बढी क्षेत्रमा काम गर्न नपाउने र यसअघि गरिरहेको भए, एक क्षेत्रमा काम गर्ने उद्देश्य राखी विधान संशोधन गरेपछि मात्र नवीकरण गर्ने र कार्य समिति सदस्य र कर्मचारीहरूले सम्पत्ति विवरण पेश गर्नुपर्ने नगरेमा संस्था दर्ता तथा नवीकरण नगर्ने लगायतका कठोर निर्देशनहरू परिपत्रमा थिए। यस विषयलाई विभिन्न क्षेत्रबाट व्यापक आलोचना भएपछि निर्णय फिर्ता लिइएको थियो ।[२०]

संस्था दर्ता गर्ने सम्बन्धमा ऐनमा संस्थाको विधान, संस्था गठनसम्बन्धी भेलाको निर्णय, संस्थाको नाम र उद्देश्य, तदर्थ समितिको नाम, ठेगाना र पेसा, संस्थाको आर्थिक स्रोत र कार्यालय ठेगाना उल्लेख गर्नुपर्ने भनेको छ। तर, प्रशासन कार्यालयले यसका अतिरिक्त सम्बन्धित स्थानीय तहको सिफारिस पत्र, संस्थाका पदाधिकारीको चालचलन बुझेको प्रहरी प्रतिवेदन पनि पेश गर्न निर्देश गर्ने गरेको छ। त्यस्तै, नवीकरण गर्दा चाहिने कागजातको ऐनमा केही उल्लेख छैन भने नियमावलीमा नवीकरणको निवेदनका साथमा कार्यसमितिका पदाधिकारीको नामावली संलग्न गर्नुपर्ने भनिएको छ। नमूनाको रुपमा अवलोकन गरिएका केही प्रशासन कार्यालयले बनाएको सूची (साउन १, २०७६ मा अद्यावधिक गरिएको) मा भने संस्थाको सम्बन्धित वर्षको लेखापरीक्षण प्रतिवेदन, वार्षिक साधारणसभाको माइन्युट, कर कार्यालय, स्थानीय तहमा संस्थाको नवीकरण र सिफारिस गरी १२ थरी कागजात पेश गर्नुपर्ने जनाइएको छ। यतिसम्म कि कुनै विदेशी सहयोगमा परियोजना सञ्चालन गरेको भएमा संस्थाले

१९ देवराज गुरागाई, सामाजिक संघ संस्था सम्वन्धी कानूनी व्यवस्था : लोकतान्त्रिक युगमा नियन्त्रण अभ्यासको पुनरावृत्ति, **लोकतन्त्रमा नागरिक समाज**, मार्टिन चौचारी, पहिलो संस्करण, २०७७, पृष्ठ ५१

२० ऐजन पृष्ठ ५२

स्थानीय तहमा परियोजना अन्तर्गतका गतिविधि (विकास निर्माण, अनुसन्धान, छलफल आदि) जे गरे पनि त्यसका लागि सम्बन्धित स्थानीय तहबाट पूर्व-सहमति लिइएको पत्र माग्छ। त्यस्तै, परियोजना सम्पन्न भइसकेपछि सम्पन्न भएको वा भइनसकेको भए चालु रहेको भन्ने जानकारी सहितको स्थानीय तहको स्थलगत अनुगमनको प्रतिवेदन वा सिफारिस पत्र बुझाउन भनिन्छ। त्यति मात्र होइन समाज कल्याण परिषद्ले सम्बन्धित परियोजना सञ्चालन गर्न दिएको स्वीकृतिपत्र र सम्पन्न भइसकेपछि परिषद्ले गर्ने अनुगमन तथा मूल्यांकनको प्रतिवेदन पनि नवीकरणका बेलामा प्रशासन कार्यालयमा पेश गर्नुपर्ने प्रावधान छ। नवीकरणका यी कठोर प्रावधान पछिल्लो समयमा थपिँदै गएका हुन्।[२१] संस्था दर्ता नियमावलीमा संस्था नवीकरणका लागि पाँच वर्षसम्मका लागि एकैपटक नवीकरण गर्ने प्रावधान पनि विरलै कार्यान्वयन भएको देखिन्छ।

पछिल्लो समयमा समाज कल्याण परिषद्ले विभिन्न निर्देशिकामार्फत सामाजिक संघसंस्थाको अधिकारको प्रचलनमा अप्रत्यक्ष रूपमा अंकुश लगाउन खोजेको देखिन्छ। साथै गैससमा आबद्ध भई कार्य गर्न पाउने अधिकारको सुनिश्चिततामा समाज कल्याण परिषद्का पछिल्ला अभ्यासहरूले चुनौती बढाएको देखिन्छ। त्यसैगरी, उच्चायुक्तको कार्यालयले निर्दिष्ट गरेका अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको अभ्यासको कसीमा हेर्दा नेपाल सरकार तथा सोअन्तर्गत समाज कल्याण परिषद्का पछिल्ला निर्देशिका तथा कार्यविधिहरू मेल खाने देखिँदैन।

सामाजिक संघसंस्थाको कार्यक्षेत्र र विषय विशेषज्ञताको आधारमा सूची तयार गर्न नसक्नु सरकार र समाज कल्याण परिषद्को अर्को कमजोरी पक्ष हो। नेपाल संघीय संरचनामा प्रवेश गरेको र तीन तहको सरकार (संघ, प्रदेश र स्थानीय) सक्रिय रहेको अवस्थामा जिल्ला प्रशासन कार्यालय संघीय संरचनाअन्तर्गत सञ्चालित छ। र प्रदेश र स्थानीय तहसँग जिल्ला प्रशासन कार्यालयको समन्वय त्यति भएको पाइँदैन। त्यसको मार सामाजिक संघसंस्थामा परेको देखिन्छ। सम्बन्धित गैससले सम्बन्धित पालिकाबाट संस्था नवीकरणका लागिगरेको सिफारिसलाई जिल्ला प्रशासन कार्यालयले मान्यता नदिई सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाटै सिफारिस माग गरेका उदाहरणहरू पनि सरकारका संयन्त्रबीचको अविश्वासको एक ज्वलन्त उदाहरण हो। जिल्ला प्रशासन कार्यालयले संघ-संस्थाहरू दर्ता गर्ने सबै अधिकारहरू आफूमा निहित गरेको छ जसले गर्दा संघ-संस्थाहरूले कर र नवीकरण प्रक्रियामा चुनौतीहरूको सामना गर्नु परिरहेको छ। केही विशेष र साना नागरिक समूहहरू जस्तै बाल क्लबहरू, आमा समूह, र धार्मिक समूहहरू आदिको क्षेत्राधिकार स्थानीय तहअन्तर्गत हुनुपर्ने थियो तर संविधानको मर्मलाई आत्मसात गर्ने कानुन बन्नै नसक्दा यी विषयमा कुनै प्रगति हुन सकेन र संघीय तहको अधिकार विकेन्द्रित र स्पष्ट हुन सकेन।

अर्कोतर्फ राष्ट्रिय निर्देशन ऐन अन्तर्गतका वर्गीय वा पेसागत संघ संगठनको सवालमा छुट्टै नियमनकारी निकाय छैन। ऐनको दफा ५ मा नेपाल सरकारले आवश्यकतानुसार समय समयमा आवश्यक निर्देशन दिनेछ भन्ने व्यवस्था भए तापनि अन्य कुनै प्रष्ट कानुनी व्यवस्था छैन। त्यसैले यी संस्थाहरू स्वनियमनमा चल्ने गरेका छन्। पञ्चायतकालमा लागू भएको कानुनको क्षेत्राधिकारमा कल्याणकारी कामका लागि मात्र सीमा राखिएको कारण ऐनको दायरा पनि सीमित देखिन्छ।

---

२१ देवराज गुरागाई, सामाजिक संघ संस्था सम्वन्धी कानूनी व्यवस्था : लोकतान्त्रिक युगमा नियन्त्रण अभ्यासको पुनरावृति, **लोकतन्त्रमा नागरिक समाज**, मार्टिन चौचारी, पहिलो संस्करण, २०७७, पृष्ठ ५४

खण्ड ३

# कानुनी सुधारका लागि सुझावहरू

## ३.१. नागरिक संघसंस्थाको लोकतान्त्रिक अधिकार प्रत्याभूतिका लागि नागरिक समाजका प्रमुख सरोकारहरू :

जुरी नेपाल र गैसस महासंघको संयुक्त आयोजनामा ५ भदौ, २०८० मा काठमाडौंमा सम्पन्न "**नागरिक संस्थाका लागि संगठन स्वतन्त्रतामैत्री नयाँ कानुनको आवश्यकता र नागरिक संस्थाका सुझावहरू विषयक अन्तरक्रिया कार्यक्रम**" मा विभिन्न नागरिक अभियन्ताहरूले नागरिक समाज र संघसंस्थाप्रति हेर्ने दृष्टिकोण सकारात्मक तथा सन्तुलित हुनुपर्ने, संस्थाको नवीकरण पाँच वर्षको हुने व्यवस्थालाई कार्यान्वयन गरिनुपर्ने, स्थानीय संस्था तथा क्लब र समुदाय तहका संस्था दर्ताको कार्य स्थानीय तहमा नै हुने व्यवस्था गरिनुपर्ने, समाज कल्याण परिषद्का लागि अनुगमन खर्च सरकारको कोषबाट व्यहोर्नुपर्ने, नागरिक संस्थालाई गृह मन्त्रालयको मातहतमा नराखी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मातहत राखिनुपर्ने, देशमा लगानीको वातावरण तयार गर्न नागरिक संस्थाको स्थान सबल बनाउनुपर्ने, समग्र नागरिकको क्षमता विकास, नेतृत्व विकास र सीमान्तकृत वर्गको पहुँचका लागि गरेको योगदानको कदर र मूल्यांकन गर्ने परिपार्टीको व्यवस्था गरिनुपर्ने, समाज कल्याण परिषद्ले जारी गरेको निर्देशिका विधायिकी तहबाट पारित भएपछि मात्र कार्यान्वयनमा आउनुपर्ने र एकीकृत सामाजिक विकास ऐन तर्जुमा गरिनुपर्ने र त्यसको लागि नागरिक संस्थासँगको पूर्व-परामर्शमा कानुन तर्जुमा गरिनुपर्ने लगायतका सुझावहरू दिइएको थियो।

जुरी-नेपाल आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालको सचिवालय संस्थाको रूपमा रहेको छ। यस सचिवालयको ८ वैशाख, २०८० मा काठमाडौंमा सम्पन्न नयाँ आर्थिक वर्ष लक्षित कार्यक्रम, नीति तथा बजेटका लागि सुझाव दिने उद्देश्यले आयोजित कार्यक्रममा सरकार नागरिक संघसंस्थाप्रति अनुदार भएको र नयाँ कानुन निर्माण प्रक्रियामा बेवास्ता गरेको निष्कर्षसहित नागरिक संस्थाको तर्फबाट सुझावपत्र तयार गरिएको थियो। सचिवालयको तर्फबाट राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय लगायतका निकायलाई प्रेसित (११ वैशाख, २०८० मा) सुझावपत्रको

बुँदा नं ५ (ख) मा नागरिक समाजको भूमिकालाई सहजीकरण गर्न आवश्यक कानुनको तर्जुमा गरिनुपर्ने लगायतका सुझाव दिइएको थियो ।

नेपाली गैरसरकारी सामाजिक संघसंस्थाहरूको छाता संगठन गैरसरकारी संस्था महासंघ नेपालको २८औँ वार्षिक साधारणसभा तथा राष्ट्रिय नागरिक सम्मेलन २०७९ चैत २३ र २४ गते काठमाडौंमा सम्पन्न भएको थियो । देशैभरीका ७ हजार ८ सय सामाजिक संघसंस्था, करिब ४०० स्थानीय तह समन्वय समिति, ७७ जिल्ला, सातवटा प्रदेश र संघको समितिको प्रतिनिधित्व गर्दै आएका नागरिक समाजका व्यक्तित्वहरूको सहभागितामा रहेको नागरिक सम्मेलनले समसामयिक विषयहरूमा घोषणापत्र जारी गरेको थियो । उक्त सम्मेलनमा मानव अधिकार, सामाजिक न्याय र सुशासनका विविध विषयका साथै नागरिक संघसंस्थाको अधिकारका विषयमा समेत महत्त्वपूर्ण सुझावहरू प्रेसित भएका थिए । नागरिक संघसंस्थाको हक अधिकारसँग प्रत्यक्ष रूपमा सम्वन्धित सुझावहरू यस सुझावपत्रमा निम्नबमोजिम समावेश गरिएको छ ।[१]

- लोकतन्त्रको जग नै निर्णय प्रक्रियामा नागरिकहरूको सहभागिता, अपनत्व र संवाद हो । यसका मुख्य आधारहरू नागरिक संस्था हुन् । नेपालको संविधान जारी भई तीन तहको सरकार निर्माण भएपश्चात्, नागरिक संस्था तथा तिनका गतिविधिलाई खुम्च्याउने प्रवृत्ति बढेर गएको प्रति यो नागरिक सम्मेलन गम्भीर चिन्ता व्यक्त गर्दछ । तसर्थ नागरिकको सहभागिता सहितको बलियो लोकतान्त्रिक प्रणाली विकास गर्न जोडदार माग गर्दछौं । (बुँदा नं ३),

- संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भई तीन तहका सरकारमार्फत देश सञ्चालन भइरहेको परिवर्तित अवस्थामा पनि नेपाली गैरसरकारी सामाजिक संघसंस्थाहरू पञ्चायतकालीन ऐनबाट निर्देशित छन् । लोकतन्त्र, मानव अधिकार, सामाजिक न्याय र सधैँ लक्षित वर्गको अधिकारका लागि कार्य गर्ने सामाजिक संघसंस्थाहरू आज जीवन मरणको दोसाँधमा पुगेका छन् । यसर्थ, संस्था दर्ता ऐन २०३४, राष्ट्रिय निर्देशन ऐन २०१८, समाज कल्याण ऐन २०४९ परिमार्जन वा खारेज गरी समय सापेक्ष एकीकृत सामाजिक विकास छाता ऐन ल्याई सामाजिक संघ-संस्थाहरूको कार्यमूलक वातावरण बनाउन नेपाल सरकारसँग जोडदार माग गर्दछौं । (बुँदा नं ७)

- गैरसरकारी सामाजिक संघसंस्थालाई वार्षिक रूपमा जिल्ला प्रशासन कार्यालयमा नवीकरण गर्नुपर्ने प्रावधान रहेको छ । पछिल्लो चरणमा अधिकांश जिल्ला प्रशासन कार्यालयहरूले नागरिक संघ-संस्थाहरूको नवीकरण प्रक्रियालाई झण्झटिलो बनाई जुन जिल्लामा कार्य गरेको हो त्यस जिल्लाको जिल्ला प्रशासन र स्थानीय तहबाट पत्र ल्याउनुपर्ने बाध्यता लगायतका विभिन्न बहानामा अप्ठेरो पार्ने गरेको प्रति यो सम्मेलन गम्भीर भएको छ। नागरिक संघसंस्थाको दर्ता र नवीकरण प्रक्रियालाई वैज्ञानिक र सरलीकरण गर्न सम्बन्धित सरोकारवाला निकायको ध्यानाकर्षण गराउँदछौं । (बुँदा नं १०)

- समाज कल्याण परिषद्द्वारा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नागरिक संगठनहरूलाई कार्यक्रमको स्वीकृति, सामान्य सम्झौता, परियोजना सम्झौताका नाममा विभिन्न बखेडा गरी दुःख दिने र सरकार सरकार बीचमा भएका परियोजनाका सवालमा अनुगमनका लागि अनुमोदन र स्वीकृति लिने प्रावधानलाई एकतर्फी रूपले लाद्न खोजेकोमा यो नागरिक सम्मेलन घोर आपत्ति प्रकट गर्दछ। साथै यी समस्याहरू समाधानका लागि सरोकारवालाहरूसँग छलफल गरी निकास निकाल्न जोडदार माग गर्दछौं । (बुँदा नं १२)

---

१ अप्रिल १०, २०२३ मा गैरसरकारी संस्था मकासंघद्धारा जारी प्रेस बिज्ञप्ति इमेलमार्फत प्राप्त गरिएको ।

## ३.२. नागरिक संघ–संस्थामैत्री नयाँ कानुन तर्जुमाका लागि ठोस सुझावहरू :

संस्था दर्ता ऐन, २०३४ र राष्ट्रिय निर्देशन ऐन, २०१८ संशोधन गरेर विद्यमान सामाजिक विकास ऐनको उद्देश्य पूरा हुनसक्ने देखिँदैन । त्यसैले यस खण्डमा उक्त ऐनमा संशोधनका लागि तीन महले खण्ड समावेश नगरी संस्था दर्ता ऐन, २०३४ र राष्ट्रिय निर्देशन ऐन, २०१८ मा विशेष रूपमा सम्बोधन हुनुपर्ने विषयहरू साझा सवालका हकमा संयुक्त रूपमा र फरक-फरक प्रकृतिको अवस्थामा भिन्न-भिन्न रूपमा सम्बोधन गर्न सुझाव दिइएको छ । विद्यमान ऐन संशोधन गरेर समाजिक संघ-संस्थामैत्री तथा छाता कानुन तर्जुमा हुन नसक्ने भएकोले उक्त दुवै ऐनका केही महत्त्वपूर्ण खण्डमा समावेश हुनुपर्ने विषयहरूलाई यहाँ निम्नबमोजिम समावेश गरिएको छ ।

| क्र.सं. | संस्था दर्ता ऐन, २०३४ का सम्बन्धमा नयाँ ऐनले सम्बोधन गर्नुपर्ने विषयहरू | राष्ट्रिय निर्देशन ऐन, २०१८ का सम्बन्धमा नयाँ ऐनले सम्बोधन गर्नुपर्ने विषयहरू |
|---|---|---|
| **क) संस्था तथा संगठनको परिभाषा :** | | |
| विद्यमान संस्था दर्ता ऐनको परिभाषा २०३४ सालको सन्दर्भमा सामाजिक संस्थाको सीमित क्षेत्राधिकार भएको सन्दर्भमा परिभाषित गरिएको भए पनि त्यसपछि देशको राजनीतिक प्रणालीमा आएको परिवर्तन र उपलब्धिलाई नयाँ तथा छाता ऐनले बृहत् परिभाषा समेट्नुपर्ने देखिन्छ। तत्कालीन संवैधानिक क्षेत्राधिकारको तुलनामा विद्यमान संविधानले बृहत् क्षेत्र समेटेको हुँदा नयाँ बन्ने ऐनको परिभाषा खण्डमा ***मानव अधिकार (नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार) विकास र सामाजिक हित तथा समानता र सामाजिक न्यायको क्षेत्र***लाई समेत समेट्नुपर्ने । | | यस ऐनमा "वर्गिय तथा व्यावशायिक संगठन" को परिभाषा खण्डमा तत्कालीन अवस्थामा वर्गीय तथा व्यावसायिक संगठन मात्र उल्लेख भएको देखिँदा यस खण्डमा ***पेसागत संघ, संगठन (गैसस महासंघ, पत्रकार महासंघ, नेपाल बार एसोसिएसन जस्ता पेसागत संघ, संठगन) लाई पनि समावेश गरी*** एकीकृत ऐनको रूपमा परिभाषा समेट्नुपर्ने देखिन्छ । |
| **ख) संस्थाको वर्गीकरण :** | | |
| संस्था दर्ता ऐनमा संस्थाको कुनै वर्गीकरण नहुँदा सबै संस्थालाई एकै ठाउँमा राखेर हेर्दा संस्थाको विषयगत र क्षेत्रगत तहमा क्रियाशील संस्थाको यकिन विवरण लिनसक्ने अवस्था छैन । साथै कुनै एक निश्चित स्थानीय तह, जिल्ला र प्रदेशमा मात्र क्रियाशील संस्थाको विषयगत संख्या आउन सकेको छैन। त्यसैले सामुदायिक तहका संस्था, निश्चित स्थानीय तहमा मात्र दर्ता भई क्रियाशील संस्था तथा निश्चित जिल्ला वा एकभन्दा बढी प्रदेश र सबै तहमा क्रियाशील अवस्थाको आधारमा संस्थाको वर्गीकरण गर्नुका साथै परोपकारी तथा धार्मिक संस्था वा महासंघ, पेसागत संघ संगठन र मानवीय सेवामा क्रियाशील सबै विषयमा संस्थाको वर्गीकरण गर्ने व्यवस्था गर्नु आवश्यक देखिन्छ । यसका लागि कुनै एक विशेष क्षेत्र वा दुई वा दुईभन्दा बढी क्षेत्र र बहुक्षेत्र गरी संस्थाको वर्गीकरण गर्नुपर्ने र सोको वर्गीकरण गर्ने विषयलाई त्यस्तो सामाजिक संस्थाको स्वःघोषणा र निर्णयमा कन्द्रित गरिनुपर्ने । | | |
| **ग) संस्थाको दर्ता सम्बन्धमा :** | | |
| संस्था दर्ता गर्ने सम्बन्धमा केन्द्रीकृत व्यवस्था (जिल्ला प्रशासन कार्यालयमा) हुँदा सामुदायिक तहका संस्थाले समेत जिल्ला सदरमुकाममा जानुपर्ने र विभिन्न चरणहरू पार गर्नुपर्ने भएकोले संस्था दर्ताको हकमा देहायबमोजिम गर्न उपयुक्त देखिन्छ ।<br>१. **संस्था दर्ताको सम्बन्धमा** : एकातर्फ गैससको दर्ता संस्था दर्ता ऐनअन्तर्गत प्रमुख जिल्ला अधिकारीलाई दिइएको छ भने यसको आबद्धताको लागि समाज कल्याण परिषद्मा जानुपर्ने व्यवस्था छ। त्यसैगरी, | | |

| क्र.सं. | संस्था दर्ता ऐन, २०३४ का सम्बन्धमा नयाँ ऐनले सम्बोधन गर्नुपर्ने विषयहरू | राष्ट्रिय निर्देशन ऐन, २०१८ का सम्बन्धमा नयाँ ऐनले सम्बोधन गर्नुपर्ने विषयहरू |
|---|---|---|

अन्तर्राष्ट्रिय गैससका लागि समाज कल्याण परिषद्सँग समन्वय गरी कार्य गर्नका लागि सम्झौता तथास्थानीय साझेदार संस्थाहरूसँग समन्वय गर्नुपर्ने व्यवस्था हेर्दा एकै प्रकृतिको कामका लागि फरक-फरक निकायसँग दर्ता, नवीकरण र आबद्धता गर्ने प्रक्रियाले गैससको दर्ता तथा आबद्धतामा प्रशासनिक व्यवधानहरू थप हुँदै गएका छन् । त्यसैले समाज कल्याण परिषद्लाई नागरिक संस्थाका प्रतिनिधिको नेतृत्वमा सरकारका प्रतिनिधिसमेत रहने गरी अधिकार सम्पन्न निकायको रूपमा रूपान्तरण गरी यसलाई नागरिक संस्थाको छाता संगठनको रूपमा विकास गरिनुपर्छ । साथै सरकारका विभिन्न तहमा संस्थाको कार्यक्षेत्र तथा भौगोलिक क्षेत्रको आधारमा गैससको दर्ता र सञ्चालन गर्न निम्न उपायहरू अवलम्बन गर्न सकिन्छ :

क) एउटा मात्र स्थानीय तहमा दर्ता भई सोही स्थानीय तहमा मात्र कार्यक्षेत्र भएका सबै सामुदायिक तहका संस्थाको दर्ता, नवीकरण र वार्षिक रूपमा निश्चित रकमभन्दा कम आर्थिक कारोबार गर्ने संस्थालाई सम्बन्धित पालिकामा नै दर्ता गर्ने, सोही निकायले नवीकरण गर्ने र आर्थिक कारोबारको नियमनको व्यवस्था गर्ने ।

ख) एकै जिल्लाभित्र दुई वा दुईभन्दा बढी पालिकामा कार्य क्षेत्र बनाई दर्ता गर्न चाहने संस्थाको लागि सम्बन्धित प्रदेशले तोकेको निकायमा दर्ता, नवीकरण र निश्चित रकमसम्मको सीमाको कारोबारको स्वीकृति दिने व्यवस्था गर्ने ।

ग) कुनै एक प्रदेशभित्र मात्र दर्ता भई सोही प्रदेशभरका जिल्लामा मात्र कार्यक्षेत्र बनाउने वा दुई वा दुईभन्दा बढी प्रदेशलाई कार्यक्षेत्र बनाई दर्ता हुने र कार्यक्षेत्र विस्तार गर्ने संस्थाको लागि सम्बन्धित प्रदेशको कुनै एक निकायमा वा सम्बन्धित प्रदेश मन्त्रालयले तोकेको निकायमा संस्था दर्ता, नवीकरण गर्ने र सोको निश्चित सीमाभित्रको रकमको सोही कार्यालयबाट र तोकिएको सीमाभन्दा बढीको रकमको लागि मात्र समाज कल्याण परिषद्बाट स्वीकृति लिने व्यवस्था गर्ने । विद्यमान समाज कल्याण परिषद्लाई बृहत् नागरिक समाज परिषद् वा विकास परिषद्को गठनका लागि आवश्यक यस विषयमा नागरिक समाजसँगको परामर्शमा कानुन तर्जुमा गरिनुपर्ने ।

घ) पेसागत संघगठनहरू, महासंघहरू, वर्गीय तथा व्यावसायिक संगठन र सञ्जालहरू दर्ता तथा नवीकरणका लागि नेपाल सरकारले तोकेको निकाय वा मन्त्रालयले तोकेको निकायमा दर्ता गर्ने र हालको निजहरूले आफ्नो वित्तीय विवरण सोही कार्यालयमा पेस गर्ने र वैदेशिक सहयोगको रकमको स्वीकृतिका लागि सोही निकायले खर्चको कारोबारको स्वीकृति दिने र सोभन्दा बढीको रकमको लागि समाज कल्याण परिषद्को स्वीकृति लिनुपर्ने व्यवस्था गर्ने ।

२. **विशिष्टीकृत छाता कानुन तर्जुमा गर्ने** : विद्यमान कानुनी तथा संरचनागत अवस्था हेर्दा २०३४ सालमा तर्जुमा भएको संघ-संस्थासम्बन्धी ऐन, २०३४ र २०१८ सालमा तर्जुमा भएको निर्देशन ऐन तथा २०४९ सालमा तर्जुमा भएको समाज कल्याण ऐनलाई प्रतिस्थापन गर्नेगरी सामाजिक विकास ऐनको तर्जुमा अब टड्कारो आवश्यकता भएको छ भने यसको सञ्चालन र अनुगमनका लागि एक विशिष्ट किसिमको नागरिक समाज परिषद् वा सामाजिक विकास परिषद्को गठन गर्ने । यसका लागि नागरिक समाजसँगको पूर्व परामर्शलाई ध्यान दिनुपर्ने ।

३. **संस्थाको वर्गीकरण गर्ने विषयलाई संस्थालाई जिम्मेवार बनाउने** : संस्था दर्ता गर्दा देहायका आधारमा संस्थाको वर्गीकरण गर्ने (१. परोपकारी, २. मानव अधिकार, सुशासन, दिगो विकास, ३. खेलकुद, सांस्कृतिक विकास तथा अधिकार र ४. समुदायको हकहित ५. पेसागत संघ संगठन र वर्गीय संगठन, जस्ता विषय) र

| क्र.सं. | संस्था दर्ता ऐन, २०३४ का सम्बन्धमा नयाँ ऐनले सम्बोधन गर्नुपर्ने विषयहरू | राष्ट्रिय निर्देशन ऐन, २०१८ का सम्बन्धमा नयाँ ऐनले सम्बोधन गर्नुपर्ने विषयहरू |
|---|---|---|

६. मानवीय सहायतामा काम गर्ने संस्थालाई कुन शीर्षकमा आफू दर्ता हुन चाहने हो सोही शीर्षकहरूमध्ये संस्थाले स्वयंले छनोट गरेका विषयहरू उल्लेख गरी संस्थाको वर्गीकरण गर्ने । साथै पछि विधानमा विषय थप वा परिवर्तन गर्न पाउने विषयलाई खुला राख्ने ।

४. **सामान्य बहुमतको मान्यताको आत्मसात गरिनुपर्ने** : लोकतन्त्रमा बहुमतको कदर र सोको निर्णय मान्य गरिने सर्वव्यापी सिद्धान्त हो । नेपालको संविधानमा केही अपवादका हकमा बाहेक सामान्य बहुमतको संख्या (५१ प्रतिशत) लाई निर्णयका लागि मान्य गणना हुने सर्वव्यापी मान्यता भए तापनि संघसंस्थाको वार्षिक साधारणसभा वा नवीकरणको प्रयोजनका लागि विभिन्न जिल्ला प्रशासन कार्यालयहरूले नमुना विधानमा सोभन्दा बढी प्रतिशतको उपस्थिति आवश्यक पर्ने र सो नभएमा संस्थाको वैधतामाथि नै प्रश्न उठाउने अवस्था छ यसले पनि संस्थाको संगठित हुने अधिकारमा संकुचन गर्ने विषयमा नयाँ कानुन र अभ्यासमार्फत् सम्बोधन गर्नुपर्ने देखिन्छ । सामान्य बहुमतको निर्णय मान्य हुने अवस्था नयाँ कानुनमा तर्जुमा गरिनुपर्ने ।

५. **ऐनमा नै संस्था दर्ता नहुने आधार स्पष्ट गर्नुपर्ने** : संस्था दर्ता गर्दा संविधानको मौलिक हकमा उल्लेखित धारा १७ को प्रतिबन्धात्मक वाक्यांश (सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाइ वा विभिन्न जातजाति, धर्म र सम्प्रदाय बीचको सम्बन्धमा खलल पुऱ्याउने, जातीय भेदभाव र छुवाछुत जस्ता विषयलगायत) को विपरीत हुने बाहेकका विषयमा संस्था दर्ता गर्न रोक लगाउन नपाइने विषय नयाँ कानुनमा उल्लेख गरी पदाधिकारीको स्वेच्छाचारिताको अन्त्य गरिनुपर्ने ।

६. **विद्यमान सजायमा परिमार्जन** : विद्यमान राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ६ को दण्ड सजायमा स्विकृतिबिना संगठन खडा गरेमा प्रत्येक व्यक्तिलाई जनही रु ५०० सम्म जरिवाना र ६ महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्था र संस्था दर्ता ऐन, २०३४ को दफा १२ मा दण्ड सजायअन्तर्गत दर्ता नगराई संस्था स्थापना गरेमा वा सञ्चालन गरेमा त्यस्ता संस्थाका प्रबन्धक समितिका प्रत्येक सदस्यलाई जनही २ हजारसम्म जरिवाना गर्न सक्ने व्यवस्था संविधानको धारा १७ विपरीत हुँदा अब बन्ने ऐनमा उक्त विषय परिमार्जन गरी संस्था स्थापना गर्ने । तर, सम्बन्धित निकायको स्वीकृतिबिना आर्थिक कारोबार गरेमा मात्र न्यून आर्थिक सजायको व्यवस्था गर्ने व्यवस्था राख्न सकिन्छ । कुनै सन्दर्भमा पनि कैद सजाय औचित्यपूर्ण हुँदैन । कैद सजायको विषयलाई नयाँ कानुनले खारेज गर्नुपर्ने ।

७. **प्रहरी प्रतिवेदन लिने अभ्यासको अन्त्य गरिनुपर्ने** : हाल संघसंस्था दर्ता तथा नवीकरण गर्दा कार्यकारी समितिका पदाधिकारी परिवर्तन हुँदा सो संस्थाको कार्यसमितिका पदाधिकारीहरूको आचरण बुझ्ने नाममा पदाधिकारीमाथि लगाइएको प्रशासनिक झण्झट संस्थालाई हतोत्साहित गर्ने र नियन्त्रण गर्ने मनशायबाट प्रेरित भएको देखिन्छ । यसको लागि संस्थाका पदाधिकारीलाई फौजदारी कसुरमा संलग्न नभएको स्वःघोषणा गर्ने र त्यसको पालना भए/नभएको अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित नियमन निकायलाई दिनुपर्छ ।

## घ) संस्थाले सम्पत्ति प्राप्त गर्ने र उपयोग गर्ने अख्तियारीका सम्बन्धमा

राष्ट्रिय निर्देशन ऐन, २०१८ मा संस्थाले सम्पत्ति खरिद गर्ने, विक्री गर्ने र विस्थापन गर्ने विषय उल्लेख नभएको तथा संस्था दर्ता ऐन, २०३४ को दफा १४ मा संस्थाको विघटन भएमा त्यस्तो सम्पत्ति नेपाल सरकारमा जाने व्यवस्थाको सट्टा ***त्यस्तो संस्थाले चाहेमा त्यस्तो संस्थाको सम्पत्ति सो सस्थासँग सहकार्य गर्ने वा निजले चाहेको कुनै परोपकारी वा सामाजिक संघसंस्थालाई हस्तान्तरण गर्नसक्ने र उक्त नभएमा मात्र उक्त सम्पत्ति नेपाल सरकारको हुने व्यवस्था गर्ने ।***

<table>
<tr><th>क्र.सं.</th><th>संस्था दर्ता ऐन, २०३४ का सम्बन्धमा नयाँ ऐनले सम्बोधन गर्नुपर्ने विषयहरू</th><th>राष्ट्रिय निर्देशन ऐन, २०१८ का सम्बन्धमा नयाँ ऐनले सम्बोधन गर्नुपर्ने विषयहरू</th></tr>
<tr><td colspan="3">ङ) संस्थाको नवीकरण सम्बन्धमा :</td></tr>
<tr><td colspan="2">संस्था दर्ता ऐनमा नवीकरणको व्यवस्था तोकिएबमोजिम हुनेछ भनी उल्लेख भएको भएपनि उक्त अधिकारमा एकरूपमा नभएकोले ऐनमा नै त्यस्तो संस्था पाँच वर्षसम्मका लागि नवीकरण गर्ने र बार्षिकरूपमा लेखा परिक्षण प्रतिवेदन दर्ता भएको निकायमा बुझाउनुपर्ने व्यवस्था ऐनमा नै समावेश गर्ने ।</td><td>राष्ट्रिय निर्देशन ऐनमा नविकरणको प्रावधान नभएकोले त्यस्तो महासंघ वा पेसागत संस्थाको वार्षिक आयव्ययको विवरण दर्ता भएको निकायमा बुझाउनुपर्ने व्यवस्था ऐनमा समावेश गर्ने ।</td></tr>
<tr><td colspan="3">च) परियोजना वा कार्यक्रम सञ्चालनको स्वीकृति एवं वैदेशिक सहयोग परिचालनका सम्बन्धमा</td></tr>
<tr><td>१.</td><td colspan="2">संस्था सञ्चालनका लागि सरकारको तर्फबाट सामाजिक संघसंस्थाले रकम प्राप्त गर्ने र सरकारसँग सहकार्य गर्ने विषय ऐनमा समावेश गर्नुपर्ने । साथै सामाजिक संघसंस्थालाई बजेट उपलब्ध गराउँदा मु.अ.क.मा दर्ता हुनु नपर्ने विषय पनि ऐनमा समावेश गरिनुपर्ने ।</td></tr>
<tr><td>२.</td><td colspan="2">संस्था दर्ता ऐन, २०३४ र राष्ट्रिय निर्देशन ऐन, २०१८ मा परियोजना वा कार्यक्रम सञ्चालनको स्वीकृति तथा वैदेशिक सहयोग परिचालनको विषय समावेश नभएकोले उक्त विषय ऐनमा उल्लेख गर्नुपर्ने । जसअन्तर्गत स्वदेशी संघसंस्था वा निकायबाट प्राप्त हुने रकम तथा निश्चित रकमसम्मको रकमका लागि दर्ता भएको संस्थाबाटै स्वीकृति लिने व्यवस्था ऐनमा गर्ने र वैदेशिक सहयोग प्राप्त गर्ने सन्दर्भमा मात्र समाज कल्याण परिषद्जस्ता निकायमा पेश गर्नुपर्ने प्रावधान समावेश गर्ने ।</td></tr>
<tr><td colspan="3">छ) संस्थालाई हुनुपर्ने कर छुट तथा कर, जरिवाना र सजायको सम्बन्धमा :</td></tr>
<tr><td>१.</td><td colspan="2">हाल कतिपय जिल्लामा आन्तरिक राजस्व कार्यालयले सामाजिक संघसंस्थाका लागि पनि आयमा कर लगाउने गरेकोले आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ध) को उपखण्ड (१) को (क) मा उल्लेख भएबमोजिम नाफा नकमाउने उद्देश्यले स्थापित सामाजिक संघसंस्था तथा पेसागत संघसंस्था तथा संगठनले प्राप्त गर्ने आयमा कर नलाग्ने व्यवस्था यस ऐनमा नै उल्लेख गर्नुपर्ने ।</td></tr>
<tr><td>२.</td><td colspan="2">समाज कल्याण परिषद्ले परियोजना स्वीकृति गर्दा अनुगमनको नाउँमा र परियोजना स्वीकृति भएपछि पनि मूल्यांकन गराउने नाउँमा लिने शुल्क प्रत्यायोजित विधायनको मान्यताविपरीत भएकोले अनुगमन गर्ने वा स्वीकृति लिने विषय प्रत्यायोजित विधायनको मर्मविपरीत देखिएकोले उक्त विषयमा सामाजिक संघसंस्थाबाट रकम लिन पाउने व्यवस्थालाई हटाई उक्त दायित्व सरकारको कोषबाट हुनुपर्ने व्यवस्था ऐनमा ने उल्लेख गरिनुपर्ने ।</td></tr>
<tr><td>३.</td><td colspan="2">परियोजना स्वीकृतिको कार्यलाई थप सहज र सरलीकृत गर्नका लागि निश्चित सीमासम्मको रकम दर्ता तथा नवीकरण गर्ने संस्थालाई नै अख्तियारी दिई निश्चित सीमाभन्दा माथिको वैदेशिक रकमको हकमा मात्र परिषद्को स्विकृति लिने कार्य ऐनमा गर्ने र परिषदको हालको कार्यलाई कम्तीमा सातवटै प्रदेश तहमा लैजाने र तत्कालका लागि यस विषयसँग सम्बन्धित कार्यालय मा डेक्स खडा गरी सामाजिक संघसंस्थालाई सहजीकरण गर्नुपर्ने ।</td></tr>
<tr><td>४.</td><td colspan="2">हरेक आर्थिक वर्षको अन्त्यमा लेखापरीक्षण पश्चात् सामाजिक संस्थाको अन्तिम मौज्दात रकममा कर लाग्ने विद्यमान व्यवस्थाको अन्त्य गरी संस्थालाई विधिवत रूपमा सामाजिक विकासका कार्य गर्न सहजीकरण गर्नेगरी ऐनमा व्यवस्था गर्नुपर्ने ।</td></tr>
</table>

| क्र.सं. | संस्था दर्ता ऐन, २०३४ का सम्बन्धमा नयाँ ऐनले सम्बोधन गर्नुपर्ने विषयहरू | राष्ट्रिय निर्देशन ऐन, २०१८ का सम्बन्धमा नयाँ ऐनले सम्बोधन गर्नुपर्ने विषयहरू |
|---|---|---|
| ५. | सामाजिक संस्थाले आफ्नो आर्थिक दिगोपन सुनश्चित गर्न र संस्थाका वैध उद्देश्य हासिल गर्न आर्थिक पारदर्शिताका नियमहरूको अधीनमा रहेर आयआर्जनको कुनै उद्यम गर्नसक्ने व्यवस्था गर्नुपर्ने । त्यस्तो कुनै प्रकारको उद्यमशील कार्य गरेमा वा त्यस्तो संस्थाले सरकारको तर्फबाट कुनै कार्यक्रम वा आयोजनाका लागि मात्रै मूल्य अभिवृद्धि कर आकर्षित हुने व्यवस्था गर्ने । | |
| **ज) अन्य विषयहरू** | | |
| १. | **समाज कल्याण परिषद्बाट जारी गरिएका निर्देशिका खारेज गर्नुपर्ने** : समाज कल्याण परिषद्ले पछिल्लो समय जारी गरेका विभिन्न निर्देशिकाका प्रावधानहरू विधायिकी अधिकारबाट मात्र निशृत हुनसक्ने प्रकृतिका देखिन्छन् । त्यसैले विधायिकामार्फत मात्र कानुनको रूपमा लागू हुनसक्ने भएकोले कानुनसँग बाझिएका र प्रत्यायाजित विधायनको मर्म विपरीतका निर्देशिकाहरू तत्काल खारेज गर्नुपर्ने । | |
| २. | **नागरिक समाजसँगको सहकार्यमा अभिवृद्धि गर्नुपर्ने** : नेपाल सरकारले नागरिक समाजप्रति गर्ने व्यवहारमा परिवर्तन ल्याउनु आवश्यक छ। त्यसका लागि हरेक कानुन निर्माण प्रक्रियामा नागरिक समाजसँगको सहकार्यलाई बढावा दिनुका साथै गैससका गतिविधिको अनुगमन गर्ने कार्यलाई परियोजनाको सीमाभित्र नराखी सरकारकै नियमित काम कारबाहीको विषय बनाइनु पर्दछ । साथै उनीहरूलाई सरकारका गतिविधिहरूमा पनि समावेश गराउँदै लैजानु पर्दछ। त्यसका लागि पनि कानुनमा यथोचित व्यवस्था हुन जरुरी छ। | |
| ३. | **समाज कल्याण परिषद्मा हुने राजनीतिक नियुक्ति बन्द गरिनुपर्ने** : समाज कल्याण परिषद्लाई विकास परिषद्को अवधारणामा लैजान र त्यसमा हुने नियुक्तिमा देखिएको राजनीतिक अस्थिरताको अन्त्य गर्न पेरिष सिद्धान्तको अवलम्बन गरी हाल संवैधानिक आयोगहरूमा पदाधिकारी निश्चित अवधिका लागि नियुक्ति भएजस्तै सामाजिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट निश्चित अवधि काम गर्न सक्नेगरी परिषद्मा पदाधिकारीहरूको नियुक्ति गरिनुपर्ने र परिषद्लाई आवश्यक बजेट सरकारको तर्फबाट विनियोजन गरिनुपर्ने । | |

## जुरी-नेपाल

न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल) न्याय, कानुन तथा मानव अधिकारको क्षेत्रमा अध्ययन, अनुसन्धान, प्रशिक्षण तथा वकालत गर्दै आएको एक गैरसरकारी, गैरराजनीतिक एवं गैरनाफामूलक सामाजिक संस्था हो । जुरीले मानवअधिकार तथा सार्वजनिक हित संरक्षण, प्रवर्द्धन र विकासका लागि रणनीतिक मानवअधिकार मुद्दालाई एक महत्वपूर्ण उपायको रूपमा अघि बढाउँदै आएको छ । मानवअधिकारको संरक्षणका लागि जुरीले तय गरेका विभिन्न रणनीतिहरूअन्तर्गत कानूनको शासन, न्यायमा पहुँच तथा मानवअधिकार पनि एक हो । जुरी-नेपालले हाल आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जाल सचिवालयको रूपमा समेत भूमिका निर्वाह गर्दै आएको छ ।

ESCR National Network Nepal
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका लागि

JuRI-Nepal